# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा भनेको विचार विनिमयको माध्यम हो । भाषाका माध्यमबाट मानवले समाजमा आफ्नो विचार र भावना आदानप्रदान गर्ने गर्दछ । भाषाको आर्जन एकातिर घर परिवार तथा छिमेकको सम्पर्कबाट स्वतः हुँदै गएको हुन्छ भने अर्कातिर औपचारिक शिक्षाबाट पनि यसको आर्जन गर्न सकिन्छ । मानिसको उमेर र सामाजिक सम्पर्कको विस्तारको फलस्वरूप मानिसमा भाषाको विकास हुँदै जाने भएकाले मानवीय व्यवहार र सामाजिक व्यवहारको अभिन्न अङ्ग बनेको हुन्छ । भाषिक सिप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन् । सिपहरू मध्ये लेखाइ सिपले भाषालाई चिरस्थायी र जीवन्त बनाउन सहयोग पुऱ्याउँछ । सिपको विकास र क्रियाकलापको आवश्यकता अन्तर्गत भाषिक सिप लेखाइ र यसको अभिन्न अङ्गको रूपमा बुँदा टिपोटलाई लिन सकिन्छ ।

अनुसन्धानका क्रममा अध्ययन विश्लेषण र निष्कर्षका सम्पूर्ण चरण र प्रक्रिया पुरा भइसके पछि त्यसलाई व्यवस्थित र सङ्गठन गर्ने कार्य अनुसन्धान प्रतिवेदन लेखन भएकाले यहाँ बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीको बुँदा टिपोट क्षमताको अध्ययन शीर्षकमा शोधपत्र तयार पारिएको छ ।

कुनै अनुच्छेद, पुस्तक, लेख वा मन्तव्यको मुख्य आशय बुझेर तिनीहरूलाई बुँदागत रूपमा टिपोट गर्ने कार्यलाई बुँदा टिपोट भनिन्छ । प्रत्येक रचनाका मूल र गौण बुँदाहरू रहेका हुन्छन् । मूल र गौण बुँदाहरूको पहिचान गरी गौण बुँदालाई छाडेर मूल बुँदाहरू टिप्ने प्रक्रियालाई बुँदा टिपोट भनिन्छ (खनिया र अन्य, २०७२ : १५२) । विद्यार्थीको लागि बुँदा टिपोट नभई नहुने सिप हो । यस्तो सिपले विद्यार्थीलाई सृजनशील, मौलिकताका साथै थोरै कुरालाई धेरै बनाउने धेरै कुरालाई थोरै बनाउने सिपको विकासमा सहयोग पुऱ्याउँदछ । सङ्गठित ओजपूर्ण र स्पष्ट भाषाको प्रयोग गर्ने भाषिक कलाको विकासमा सहयोग पुऱ्याउँने हुँदा बुँदा टिपोट क्षमताको अध्ययन गर्नु आवश्यक रहेको पाइन्छ । बुँदा टिपोट गर्दा प्रमुख विषयवस्तु छुट्नु हुँदैन । यो क्रमबद्ध, सिलसिलाबद्ध स्पष्ट र सङ्क्षिप्तता हुनु आवश्यक छ । यसमा असमापिका क्रियाको प्रयोग हुनुपर्छ (पौडेल, २०७० : ९९,१००) ।

त्यसैले लेखाइ सिपका विभिन्न क्रियाकलापहरूमध्ये बुँदा टिपोट पनि एक महत्त्वपूर्ण कार्यकलाप भएकाले कक्षा नौका विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको अध्ययन गर्न आवश्यक देखिन्छ ।

## १.२ समस्याकथन

अनुसन्धानका निम्ति छानिएको कुनै पनि अनुसन्धेय विषयवस्तुलाई नै समस्याका रूपमा प्रस्तुत गरिन्छ । यसमा जुन समस्याको समाधान गरिने हो त्यसको पृष्ठभूमि, परिचय, क्षेत्रको विस्तृति दिइएको हुन्छ । शोधको समाधेय वा अनुसन्धेय विषय नै समस्याका रूपमा रहेको हुन्छ । मूल समस्या सँगै पूरकका रूपमा शोध प्रश्न वा जिज्ञासा पनि रहेका हुन्छन् । समस्याकथन शोधप्राप्ति र सम्भावित निष्कर्षतिर लैजाने खालको हुनुपर्छ (शर्मा र लुइटेल, २०५२ : ३२) । समस्याकथनले अध्ययनको उद्देश्य र शोधपत्रको रूपरेखालाई पनि निर्देशित गर्दछ ।

भाषाशिक्षण भनेको भाषाको शिक्षण नभएर भाषिक सिपहरूको शिक्षण हो । भाषाका चारवटा सिप पढाइ, लेखाइ, सुनाइ र बोलाइअन्तर्गत बुँदा टिपोट लेखाइ सिपअन्तर्गत पर्दछ । कुनै रचना लेख वा विषयवस्तु पढेर त्यस भित्रका मुख्य–मुख्य कुराहरूको टिपोट गर्ने कार्य बुँदा टिपोट हो । लेखाइ सिपले व्यक्तिको मौलिक, सृजनशील र विश्लेषणात्मक क्षमताको विकास गर्दछ ।

विद्यार्थीहरूलाई सुरुमा बुँदा टिपोट नमुना दिनुपर्छ । बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरूको बारेमा प्रश्नोत्तर वा छलफलका माध्यमले बताइदिनु पर्छ । त्यसपछि शिक्षकले छोटो व्याख्यान दिई विद्यार्थीहरूलाई बुँदा टिपोटको निम्ति निर्धारित अनुच्छेद दिई गम्भीर रूपमा पढ्न लगाएर बुँदा टिपोट गर्न लगाउनुपर्छ । मुख्य–मुख्य अंशमा रेखाङ्कन गर्न लगाउने, पुनरावृत्ति भएका कुरा हटाउने, टिपेका कुरा भन्न लगाउने, नमिलेका कुरा सच्याईदिने, छलफल, प्रश्नोत्तर सामूहिक रूपमा भनी दिने यसका अतिरिक्त कुनै गद्यांश दिई टिपोट गर्न लगाएर पनि बुँदा टिपोट गराउन सकिन्छ ।

यसरी शैक्षणिक पाठ्यक्रमहरूले बुँदा टिपोट सम्बन्धी पाठ्यवस्तुलाई महत्त्व दिइरहेको परिप्रेक्ष्यमा विद्यालयको माध्यमिक तह बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको अध्ययन शीर्षकसँग सम्बन्धित समस्याहरूलाई निम्नानुसार राख्न सकिन्छ :

क)	बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट लेखन क्षमता कस्तो छ ?

ख)	भाषिक र लैङ्गिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको तुलनात्मक विश्लेषण गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

यस शोधकार्यमा निम्नलिखित उद्देश्य निर्धारण गरिएका छन् :

क)	बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमता पत्ता लगाउनु,

ख)	भाषिक र लैङ्गिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको तुलनात्मक विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य र सान्दर्भिकता

अनुसन्धान आफैँमा एक चुनौतीपूर्ण र महत्त्वपूर्ण हुन्छ । औचित्य र सन्दर्भ विनाको कार्यले अनुसन्धान कार्यलाई निश्चित गन्तव्यमा पुऱ्याउन सक्दैन । भाषालाई प्रभावकारी र उद्देश्यपूर्ण शिक्षण गर्न त्यसमा आएको समस्याहरूको निराकरण गर्नु आवश्यक हुन्छ । विद्यार्थीहरूमा संज्ञानात्मक, लिखित र सिर्जनात्मक सिपको पहिचान गर्ने प्रमुख आधारका रूपमा बुँदा टिपोट क्षमतालाई जोड दिइएको छ । कथ्य भाषा र लेख्य भाषामध्ये बुँदा टिपोट गर्ने क्षमतालाई लेख्य भाषासँग सम्बन्धित छ (राई, २०७३ : ३) । विद्यार्थीहरूमा लेखाइ सिपले सिर्जनात्मक सिप, मौलिक सिप, विषयवस्तुलाई सङ्गठन, व्यवस्थित, क्रमिक, शृङ्खलाबद्ध रूपमा टिपोट गर्ने क्षमतालाई जोड दिइएको छ । कथ्य भाषा र लेख्य भाषामध्ये बुँदा टिपोट गर्ने क्षमतालाई लेख्य भाषासँग सम्बन्धित छ (राई, २०७३ : ३) । विद्यार्थीहरूमा लेखाइ सिपले सिर्जनात्मक सिप, मौलिक सिप, विषयवस्तुलाई सङ्गठन, व्यवस्थित, क्रमिक, शृङ्खलाबद्ध रूपमा टिपोट गर्ने क्षमताको विकास गर्छ । भाषाका चारवटा सिपहरूमध्ये बुँदा टिपोट लेखाइ सिपसँग सम्बन्धित रहेको छ । विद्यार्थीहरूमा लेखाइ सिपको विकास गराउनका लागि प्रभावकारी र स्तरीय बनाउनका लागि विद्यालय तहमा प्रारम्भिक कक्षाहरू देखिनै लेखाइसम्बन्धी विभिन्न कार्यकलापहरू गराइन्छ । विद्यार्थीहरूले आफूले सुनेका, देखेका, पढेका, अनुभव गरेका कार्यबाट आफूलाई मुख्य कुरा टिपेर गौण कुरालाई छोड्ने

आफूलाई दक्ष रूपमा विकास स्थापित गर्न सहयोग गर्दै नेपाली भाषाको शुद्ध र मानक स्तरको प्रयोगकर्ता, शिक्षक, विद्यार्थी सबैलाई प्रस्तुत अध्ययन सान्दर्भिक र उपयोगी मानिन्छ ।

माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूमा बुँदा टिपोट, विस्तृतीकरण सङ्क्षेपीकरण टिप्पणी लेखन, कविता, निबन्ध, संवाद, अनुच्छेद लेखन, एकाङ्कीबाट विद्यार्थीहरूमा बुँदा टिपोट क्षमतामा विकास गर्न सकिने भएकाले यो अध्ययनबाट विद्यार्थीहरू लाभान्वित हुने र बुँदा टिपोट सम्बन्धी कुराहरूको बारेमा जानकारी हुने कमीकमजोरीलाई निराकरण गर्न सुझाव प्रस्तुत गरिने भएकाले यस अध्ययनको उपयोगिता देखिन्छ । यस अध्ययनको औचित्यलाई हेर्दा यस अध्ययनले कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट गर्न सक्ने क्षमताको विकास गर्नेछ । यस अध्ययनले भाषिक सिपको विस्तार प्रयोगका साथै सिर्जनात्मकता र मौलिक क्षमताको विकास गर्नेछ । बुँदा टिपोटको उपयोगिता र महत्त्वबारे स्पष्ट जानकारी गराउनेछ । यस अध्ययनले भाषाशिक्षण गर्ने शिक्षक विद्यार्थी, अभिभावक, शैक्षिक संघसंस्थाका लागि उचित मार्गनिर्देशन प्रदान गर्नेछ । भाषाका कथ्य र लेख्य माषामध्ये लेख्य भाषालाई परिमार्जन गर्ने, शुद्ध मानक स्तरको भाषा प्रयोग गर्नु, बुँदा टिपोट सम्बन्धी मूलभूत कुराको बारेमा ज्ञान कमीकमजोरीलाई पत्ता लगाई सुझाब दिन्छ ।

## १.५ अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययन बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको अध्ययन शीर्षकको शोधपत्रलाई निम्नलिखित खण्डमा विभाजन गरी अध्ययन गरिएको छ :

**अध्याय एक : शोधको परिचय**

अध्याय एकभित्र अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र सान्दर्भिकता, शोधपत्रको रूपरेखा राखिएको छ ।

**अध्याय दुई : पूर्वकार्यको अध्ययन र सैद्धान्तिक अवधारणा**

यस अध्यायमा पूर्वकार्यको पुनरावलोकन, सम्बद्ध पुस्तकको पुनरावलोकन, सम्बद्ध शोधको पुनरावलोकन, सैद्धान्तिक अवधारणा, बुँदा टिपोटको परिचय, बुँदा टिपोटको

परिभाषा, बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरू, बुँदा टिपोट क्षमताको प्रयोजन, बुँदा टिपोट विशेषताहरू, बुँदा टिपोट लेखन सिपको सम्बन्ध जस्ता उपशीर्षकहरू राखिएको छ ।

**अध्याय तिन : अध्ययन विधि र प्रक्रिया**

यस अध्यायमा जनसङ्ख्याको पहिचान, नमुना छनोट, तथ्य सङ्कलन पक्रिया र व्याख्या विश्लेषण जस्ता अध्ययनका लागि प्रयोगमा ल्याइएका विधि तथा प्रक्रियाको विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

**अध्याय चार : समग्रताका आधारमा बुँदा टिपोट क्षमताको विश्लेषण**

यस अध्यायअन्तर्गत नमुना छनोटमा परेका सम्पूर्ण विद्यार्थीहरूलाई समग्रताका आधारमा विश्लेषण गरिएको छ ।

**अध्याय पाँच : भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा बुँदा टिपोट क्षमताको तुलना**

यस अध्यायअन्तर्गत भाषिक पृष्ठभूमि (पहिलोभाषी नेपाली र दोस्रोभाषी नेपाली) र लैङ्गिकता (छात्र र छात्रा) का आधारमा बुँदा टिपोट क्षमतामा पाइने भिन्नताको तुलनात्मक विश्लेषण गरिएको छ ।

**अध्याय छ : सारांश, निष्कर्ष र उपादेयता**

अध्याय छमा सारांश, निष्कर्ष र उपादेयताजस्ता उपशीर्षकहरू समावेश गरिएको छ ।

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा अघि सम्पन्न गरिएका कार्यहरू पुस्तक, पत्रपत्रिका, लेख, प्रतिवेदनको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षाले त्यस विषयमा त्यस बेलासम्म भएका यावत् कृति तथा अनुसन्धानकर्तालाई आफ्नो गन्तव्य पहिचान गर्न सहज र सरल बनाउँछ (बन्धु, २०७० : २८) । यसअघि विभिन्न पुस्तक, लेख, शोधप्रबन्ध, शोधपत्र आदिमा उल्लेख गरिएका सम्बन्धित कुराहरूको तर्क, तथ्य र प्रमाणका आधारमा समीक्षा गर्नुपर्ने र कालक्रमका आधारमा प्रस्तुत गर्नुपर्दछ । यसले सम्बन्धित विषयमा के–कति काम बाँकी छन् भन्ने कुराको जानकारी प्रदान गर्दछ । पुनरावृत्ति हुनबाट पनि जोगाउँछ । नवीन सिद्धान्त र विधिको बारेमा जानकारी दिन्छ ।

पूर्व अध्ययनबाट पूर्व निर्मित शोधसामग्रीको अध्ययनबाट आफूले गर्ने शोधको सीमा निर्धारण, उद्देश्य, विधि र समस्या पहिचान गर्नमा समेत सहयोग प्राप्त हुन्छ । तसर्थ अध्ययनबाट आफूले गर्ने शोधकार्य सम्बन्धित विषयको शीर्षकमा सम्पन्न भए नभएको अनुसन्धानको पुनरावलोकन गर्न आवश्यक छ (पौडेल, २०७३ : ६) । यसरी व्यवस्थित, वस्तुनिष्ठ वैज्ञानिक ढङ्गले शोधकार्य सम्पन्न गर्नको लागि पूर्वकार्यको पुनरावलोकन गरिएको छ । पूर्वकार्यको समीक्षा गर्दा पुस्तक समीक्षा र शोध समीक्षालाई आधार मानेर निम्नानुसार उल्लेख गरिएको छ ।

### २.१.१ सम्बद्ध पुस्तकको पुनरावलोकन

अधिकारी (२०६९) द्वारा लेखाइ सिपको कार्यकलापअन्तर्गत बुँदा टिपोट लाई समेटिएको छ । यसमा बुँदा टिपोटको परिचय, बुँदा टिपोटको आवश्यकता ध्यान दिनुपर्ने कुराहरूको बारेमा विस्तृत रूपमा चर्चा गरी बुँदा टिपोट कार्यलाई कसरी उपयोगी र प्रभावकारी बनाउन सकिन्छ भनेर विश्लेषण गरिएको छ । यसबाट लेखन सिप, बुँदा टिपोटको महत्त्व, बुँदा टिपोटको कार्यकलापबारे जानकारी प्रदान गरी प्रस्तुत शोधकार्य

सम्पन्न गर्न महत्त्वपूर्ण रूपमा सहयोग पुऱ्याउने भएकाले उपयोगी सामग्रीको रूपमा लिइएको छ ।

गौतम र अन्य (२०७१) द्वारा बुँदा टिपोट सम्बन्धी नियम र प्रयोगसम्बन्धी कुराको विश्लेषण गरिएको छ । यसले बुँदा टिपोट सम्बन्धी के-कसरी प्रभावकारी र सफल बनाउन सकिन्छ भनेर उल्लेख गरिएको हुनाले यसको अध्ययनबाट शोधकार्य सम्पन्न गर्न साथै व्यवस्थित गर्न सहयोग पुग्ने हुनाले यो पुस्तक शोधकार्यका लागि उपयोगी हुन्छ ।

भण्डारी, लामिछाने र घिमिरे (२०६५) द्वारा बुँदा टिपोटको नमुना, खेस्रा बुँदा टिपोट, साफी बुँदा टिपोटको तरिका त्यसमा ध्यान दिनुपर्ने कुराहरूको उल्लेख गरिएको छ । यसले प्रस्तुत शोधकार्य सम्पन्न गर्न सहजता पुऱ्याउने, लेखाइ सिप विकासमा सहयोग पुऱ्याउन, सैद्धान्तिक परिचय तयार पार्न सहयोग गर्ने अपेक्षा गरिएको छ ।

खनिया र अन्य (२०७२) द्वारा कुनै पनि पुस्तक, लेख वा मन्तव्यको मुख्य मर्म बुझेर तिनीहरूलाई बुँदागत रूपमा टिप्ने कामलाई नै बुँदा टिपोट भनिन्छ । प्रत्येक रचनामा मूल र गौण बुँदाहरू रहेका हुन्छन् भनेर परिभाषा दिइएको छ । साथै बुँदा टिपोट नमुना, अभ्यासलाई विस्तृत रूपमा विश्लेषण गरिएको छ । यसले प्रस्तुत अध्ययनको सैद्धान्तिक अवधारणा निर्माण गर्न प्रस्तुत शोधकार्यका लागि उपयोगी छ ।

शर्मा र पौडेल (२०६८) द्वारा बुँदा टिपोटका विशेषता, शिक्षण गर्ने तरिका, बुँदा टिपोटको परिभाषालाई विस्तृत चर्चा गरिएको छ । यस पुस्तकमा विभिन्न भाषिक सिपको अध्ययनका लागि चर्चा गर्ने क्रममा लेखनकला शिक्षणमा बुँदा टिपोटको महत्त्व, बुँदा टिपोट गर्दा स्पष्टता, सङ्क्षिप्तता, पूर्णता, मौलिक विशेषतालाई जोड दिनुपर्ने उल्लेख गरिएको पाइन्छ । तसर्थ विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको विकास गर्नका लागि यो पुस्तक निकै उपयोगी मानिन्छ ।

समग्रमा भन्नुपर्दा विभिन्न पुस्तकहरूको अध्ययनले शोधकार्यलाई अगाडि बढाउन, सैद्धान्तिक अवधारणा निर्माण गर्न, शोधकार्यलाई प्रभावकारी, व्यवस्थित, वैज्ञानिक र वस्तुनिष्ठ बनाउन सहयोग पुऱ्याउने ठानिएको छ ।

### २.१.२ सम्बद्ध शोधको पुनरावलोकन

पाण्डेय (२०६७) द्वारा कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीको निबन्धलेखन क्षमताको अध्ययन गरिएको छ । उक्त शोधपत्रहरूको उद्देश्यहरूमा उच्च मा.वि. (कक्षा १२) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गर्नु, लैङ्गिकताको आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु रहेको छ । उक्त शोधमा क्षेत्रीय सर्वेक्षण विधि र प्रयोगात्मक विधिको प्रयोग गरिएको छ । निष्कर्षमा हेर्दा उक्त अध्ययनमा कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता सामान्य देखिन्छ । लैङ्गिकताको आधारमा हेर्दा अधिकांश छात्राहरू निबन्धलेखन क्षमतामा सन्तोषजनक नतिजा भएको बताएको छ । अर्कोतिर छात्रहरूको निबन्धलेखन क्षमता निराशाजनक रहेको उल्लेख गरिएको छ । यस अध्ययनले समस्या निर्धारण, उद्देश्य निर्धारण, सामग्री सङ्कलनमा र विश्लेषणमा मद्दत पुग्ने देखिन्छ ।

गौतम (२०६७) द्वारा कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको सारांशलेखन क्षमताको अध्ययन गरिएको छ । उक्त शोध प्रस्तुत शोधसँग लेख्य रूपमा मिल्दोजुल्दो छ । यस शोधको उद्देश्य कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको सारांशलेखन क्षमताको पहिचान गर्नु, अङ्ग्रेजी माध्यमबाट पढाइ हुने उच्च माध्यमिक तहका विद्यार्थीहरूको सारांशलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, लैङ्गिकताका आधारमा छात्रा र छात्रको सारांशलेखन क्षमताको तुलनात्मक उद्देश्यहरू रहेको पाइन्छ । उक्त शोधमा क्षेत्रीय सर्वेक्षण विधि प्रयोगात्मक विधिको प्रयोग गरिएको छ । निष्कर्षमा हेर्दा कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको सारांशलेखन क्षमता उच्च रहेको, अङ्ग्रेजी माध्यमबाट पढाइ हुने उ.मा.वि. कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको सारांशलेखन क्षमता उच्च रहेको, लैङ्गिकताका आधारमा छात्राको भन्दा छात्रको सारांशलेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको पाइन्छ । यो अध्ययनले प्रस्तुत अध्ययनका सामग्री सङ्कलनका विधि र पद्धति नमुना छनोटका आधारहरू र तिनको व्यवस्थापनबारे आधार प्राप्त हुने देखिन्छ ।

धामी (२०७३) द्वारा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवादलेखन क्षमता सम्बन्धी अध्ययन गरिएको छ । यस शोधको उद्देश्य कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको मनोवाद क्षमता पहिल्याउनु, लैङ्गिकताका आधारमा मनोवादलेखन क्षमता तुलना गर्नु, विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीको मनोवादलेखन क्षमता पहिल्याउनु

उद्देश्य राखिएको पाइन्छ । यस अनुसन्धानमा कीर्तिपुर नगरपालिकाका चारवटा सामुदायिक र चारवटा संस्थागत विद्यालयबाट १०/१० जनाको सङ्ख्यामा विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा चयन गरिएको छ । यो क्षेत्रीय सङ्कलन विधि र पुस्तकालय अध्ययन विधिमा आधारित रहेर अनुसन्धान गरिएको छ । निष्कर्षमा हेर्दा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मनोवादलेखन क्षमता सामान्य देखिन्छ । लैङ्गिकताको आधारमा हेर्दा छात्रको भन्दा छात्राहरूको क्षमता उच्च रहेको देखिन्छ । विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको मनोवादलेखन क्षमता दुवै सामान्य देखिएको बताइएको छ । यस शोधकार्यबाट उद्देश्य निर्माण गर्न अध्ययन विधि, नमुना छनोट गर्न, तथ्याङ्कशास्त्रीय आधारमा विश्लेषण गर्न, अनुसन्धानलाई अगाडि बढाउन सहयोग पुगेको देखिन्छ ।

सुवेदी (२०७३) द्वारा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन गरिएको छ । यस अनुसन्धानमा ललितपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु उद्देश्य राखिएको देखिन्छ । यसमा अध्ययन विधिका रूपमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गर्दै नमुनाका रूपमा ललितपुर जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयबाट १०/१० जनताका दरले १०० जना कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूलाई छनोट गरिएको छ । निष्कर्षलाई हेर्दा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमता सन्तोषजनक रहेको देखिदैन । विद्यालयको प्रकृतिको आधारमा सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमता उच्च रहेको र लैङ्गिकताका आधारमा छात्राको भन्दा छात्रको कथालेखन क्षमता तुलनात्मक रूपमा राम्रो भएको बताइएको छ । यस अध्ययनले शोधार्थीलाई सम्बन्धित शीर्षकको सामग्री सङ्कलन विधि, भाषिक सिप, नमुना छनोट, सैद्धान्तिक अध्ययन गर्न सान्दर्भिक र महत्त्वपूर्ण देखिन्छ ।

नेपाल (२०६७) द्वारा कक्षा छ पुरा गरेका विद्यार्थीहरूको निवेदनलेखन क्षमताको अध्ययन गरिएको छ । उक्त शोधको उद्देश्य कक्षा छ पुरा गरेका विद्यार्थीहरूको निवेदनलेखन क्षमताको पहिचान गर्नु, लैङ्गिक आधारमा विद्यार्थीहरूको निवेदनलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, सरकारी तथा निजी विद्यालयका विद्यार्थीहरूको निवेदनलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु यस उद्देश्यलाई पुरा गर्न सिन्धुपाल्चोक जिल्लाभित्रका ५/५ वटा सरकारी र निजी विद्यालयहरूबाट ८/८ जनाका सङ्ख्यामा

विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा चयन गरिएको छ । शोधकार्य मूलतः क्षेत्रीय सामग्री सङ्कलन विधि र पुस्तकालयीय अध्ययनमा आधारित रहेको पाइन्छ । निष्कर्षमा कक्षा छ पूरा गरेका समग्र विद्यार्थीहरूको निवेदनलेखन क्षमता उच्च देखिन्छ । लैङ्गिकताका आधारमा छात्र समूहका विद्यार्थीहरूको तुलनामा छात्राहरू सक्षम भएको र सरकारी र निजी विद्यालयका तुलनामा निजी विद्यालय समूहका विद्यार्थीहरूको निवेदनलेखन क्षमता निकै उच्च रहेको बताइएको छ । यस अध्ययनले शोधार्थीलाई शीर्षक चयन गर्न नमुना छनोट, विधि, तथ्याङ्कको सङ्कलन विश्लेषण अनुसन्धानलाई अगाडि बढाउन सहयोग पुग्दछ ।

ढुङ्गेल (२०७१) द्वारा पाँचथर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको अध्ययन गरिएको छ । यस शोधको उद्देश्य समग्र कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु उद्देश्यहरू रहेको पाइन्छ । उक्त उद्देश्य पुरा गर्नका लागि ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयलाई नमुनाको रूपमा छानिएको छ । जसमा प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरू नमुना छनोटमा परेका छन । यसमा क्षेत्रीय विधि र पुस्तकालयीय विधिको प्रयोग गरिएको पाइन्छ । निष्कर्षमा भन्दा पाँचथर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीको बुँदा टिपोट क्षमता राम्रो रहेको, विद्यालयको प्रकृतिको आधारमा सामुदायिकभन्दा संस्थागत विद्यालयको बुँदा टिपोट क्षमता राम्रो भएको, लैङ्गिक आधारमा भन्दा छात्र भन्दा छात्राको बुँदा टिपोट क्षमता राम्रो रहेको पाइएको बताइएको छ । यस अध्ययनले शोधार्थीलाई सैद्धान्तिक आधार निर्माण गर्न, सामग्री सङ्कलन, उद्देश्य निर्माण, विधि तथ्याङ्कशास्त्रीय आधारमा विश्लेषण गर्न सहयोग पुऱ्याउँछ ।

राई (२०७३) द्वारा इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको अध्ययन गरिएको छ । उक्त शोधको उद्देश्य इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृतिको आधारमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु रहेको छ । यसमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । प्रत्येक संस्थागत र सामुदायिक विद्यालयबाट पाँचजना छात्र र पाँचजना छात्रा गरी १० विद्यालयबाट १०० जना विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याको रूपमा छनोट गरिएको छ ।

निष्कर्षमा इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमता राम्रो भएको, विद्यालयको प्रकृतिको आधारमा सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमता राम्रो रहेको बताइएको छ । यस अध्ययनले सैद्धान्तिक अवधारणा निर्माण गर्न, सामग्रीको सङ्कलन, विश्लेषण, उद्देश्य विधि तथ्याङ्कशास्त्रीय आधारमा विश्लेषणमा सहयोग पुऱ्याउने भएकाले प्रस्तुत अध्ययन विशिष्ट रहेको छ ।

खनाल (२०७३) द्वारा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न पहिचान क्षमताको अध्ययन गरिएको छ । उक्त शोधको उद्देश्य नागार्जुन नगरपालिका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिन्ह प्रयोग क्षमता पत्ता लगाउनु, नागार्जुन नगरपालिकाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा लेख्यचिह्न प्रयोग क्षमताको तुलना गर्नु, नागार्जुन नगरपालिकाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिक आधारमा लेख्यचिह्न प्रयोग क्षमताको अवस्था पत्ता लगाउनु रहेको छ । यसमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । नागार्जुन नगरपालिकाभित्रका दशओटा विद्यालयका सामुदायिक र संस्थागत विद्यालय मध्येबाट २५ छात्र र २५ छात्रा गरी समान प्रतिनिधित्त्व हुने गरी नमुना छनोट गरिएको छ । निष्कर्षमा भन्दा नागार्जुन नगरपालिकाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता राम्रो भएको, विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा हेर्दा गैरनेपाली मातृभाषी विद्यार्थीको तुलनामा मातृभाषी विद्यार्थीहरूको लेख्यचिन्ह प्रयोग क्षमता राम्रो रहेको, लैङ्गिक आधारमा हेर्दा छात्रहरूभन्दा छात्राहरू ८ प्रतिशतले समग्र लेख्यचिन्ह प्रयोगमा सक्षम रहेको बताइएको छ । यस अध्ययनले प्रायोगिक कार्यमा, सामग्री निर्माण, उद्देश्य निर्माण विधि तथ्याङ्कको सङ्कलन र विश्लेषणमा सहयोग पुग्ने देखिन्छ ।

पौडेल (२०७३) द्वारा पर्वत जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन गरिएको छ । उक्त शोधको उद्देश्य पर्वत जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको कथालेखन क्षमताको विश्लेषण गर्नु, लैङ्गिक आधारमा विद्यार्थीहरूको कथालेखन क्षमताको तुलना गर्नु रहेको छ । प्रस्तुत शोधमा प्रतिनिधि नमुनाको रूपमा पर्वत जिल्लाका सामुदायिक विद्यालयका कक्षा नौमा अध्ययनरत ५० जना

गरी जम्मा १०० जना विद्यार्थीहरूलाई लिइएको पाइन्छ । यो शोध नमुना सर्वेक्षण क्षेत्रीय र प्रयोगात्मक विधिमा केन्द्रित रहेको पाइन्छ । निष्कर्षमा कथा लेखन क्षमता समग्रमा पर्वत जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमतामा एकरूपता नभएको, विद्यालयको प्रकृतिको आधारमा सामुदायिकभन्दा संस्थागत विद्यालयको कथालेखन क्षमता राम्रो भएको, लैङ्गिकताका आधारमा हेर्दा छात्रको भन्दा छात्राको उच्च रहेको बताइएको छ । यस अध्ययनबाट नमुना छनोट विधि, शीर्षक चयन, सामग्री सङ्कलन तथ्याङ्क शास्त्रीय विश्लेषण गर्न शोधकार्य अगाडि बढाउन सहयोग पुग्ने देखिन्छ ।

कँडेल (२०६८) द्वारा लिखित बर्दिया जिल्लाका कक्षा आठमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूको चिठीलेखन क्षमताको अध्ययन गरिएको छ । यस शोधको उद्देश्य कक्षा आठमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूको चिठीलेखन क्षमता पहिल्याउनु, विद्यालय प्रकृति एवम् लैङ्गिकताका आधारमा थारूभाषी विद्यार्थीहरूको चिठीलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु रहेको छ । यसमा क्षेत्रीय विधिको प्रयोग गरिएको पाइन्छ । निष्कर्षमा कक्षा आठमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूको चिठीलेखन क्षमता सामान्य रहेको, विद्यालयगत आधारमा हेर्दा सामुदायिकभन्दा संस्थागत विद्यालयको चिठीलेखन क्षमता उच्च रहेको, लैङ्गिक आधारमा छात्राभन्दा छात्रको चिठीलेखन क्षमता उच्च भएको पाइन्छ । यस अध्ययनबाट शोधार्थीलाई विधि, नमुना छनोट, अनुसन्धान गर्न, शीर्षकचयन सामग्री सङ्कलन तथ्याङ्कको विश्लेषणमा सहयोग पुग्ने देखिन्छ ।

समग्रमा विभिन्न शोधको अध्ययनबाट अनुसन्धान कार्य अगाडि बढाउन, सैद्धान्तिक अवधारणा निर्माण गर्न, उद्देश्य निर्माण, अध्ययन विधि, सामग्री सङ्कलन र तथ्याङ्कको विश्लेषणमा महत्त्वपूर्ण सहयोग पुग्ने देखिन्छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ बुँदा टिपोटको परिभाषा

पाठ वा अनुच्छेदमा भएका मुख्य–मुख्य कुरालाई पत्ता लगाएर तिनलाई बुँदाका रूपमा टिप्नु नै बुँदा टिपोट हो । आन्तरिक र बाह्य गरी दुई किसिमले बुँदा टिपोट गरिन्छ । आफूले मनपर्ने सोचेका वा अनुभव गरेका कुराको टिपोट गर्नु आन्तरिक बुँदा टिपोट हो भने मौलिक वा लिखित कुराहरू सुनेर वा पढेर तिनमा भनिएका मुख्य–मुख्य बुँदा टिप्नु बाह्य

बुँदा टिपोट हो । विद्यार्थीहरूले दिइएको पाठ वा अनुच्छेदबाट मुख्य–मुख्य बुँदाहरू टिप्नुपर्दछ ।

बृहत् नेपाली शब्दकोश (२०६८) मा बुँदा भनेको १. वादविवादमा आफ्नो पक्षको समर्थन वा प्रमाणका प्रस्तुत गरिने मुख्य कुरा गाँठी कुरो । २. कागत वा लेखमा लेखिने मुख्य कुरो, मूल विषय वा प्रकरण भनेर उल्लेख गरिएको पाइन्छ । बुँदा टिपोट एउटा कला हो । यसले लेखन कला सिपलाई विकास गर्न मौलिकता र सृजनशीलताको क्षमता वृद्धि गर्नमा सहयोग पुऱ्याउँछ ।

### २.२.२ बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरू

- रेखाङ्कित बुँदाहरूलाई क्रमबद्ध रूपमा टिप्ने ।
- कुनै मुख्य बुँदा छुटेको छ कि छैन भनेर दोहोऱ्याएर हेर्ने ।
- खेस्रा बुँदा टिपोटमा मूल पाठकै वाक्यहरू सारेर उतारिएको भएपनि साफी बुँदा टिपोटका वाक्य गठनमा भने मौलिकता हुनु जरुरी हुने ।
- बुँदा टिपोट गर्दा अधुरा वा पूरा शब्द/शब्दावली वा वाक्य जुनसुकै रूपमा टिपे पनि टिपेजति कुराहरू बुझ्न सकिने खालका हुनुपर्ने ।
- सबै मुख्य बुँदा टिपिसकेपछि बुँदालाई क्रमबद्ध र ठोस रूपमा आवश्यक संशोधन तथा परिमार्जन गरी आवश्यकता अनुसार चार/पाँच बुँदामा साफी गर्ने ।
- निर्धारित पाठ वा अनुच्छेदको मुख्य–मुख्य बुँदाहरूलाई ठम्याएर तिनलाई रेखाङ्कित गर्ने ।
- बुँदा टिपोटका विभिन्न निर्धारित पाठ वा अनुच्छेद राम्ररी बुझेर पढ्ने अनि नबुझुन्जेल पढिरहने ।

### २.२.३ बुँदा टिपोट क्षमताको प्रयोजन

हरेक अध्ययन अनुसन्धानको आ–आफ्नै प्रयोजन भएजस्तै बुँदा टिपोटको पनि आफ्नै प्रयोजन रहेको पाइन्छ । भाषा शिक्षण भनेको भाषाको शिक्षण नभएर भाषिक सिपहरूको

शिक्षण हो । यी चारै सिपअन्तर्गत लेखाइ सिपको विकास गर्न उत्कृष्ट रूप दिन यसको आफ्नै प्रयोजन छ ।

- कुनै पनि विषयवस्तुलाई छोटो र प्रभावकारी रूपमा दर्शाउनको लागि बुँदा टिपोट आवश्यक छ ।
- आफूले अनुभव गरेका, सुनेका, पढेका कुराहरू सुरक्षित राख्नको लागि आवश्यक छ ।
- अनुच्छेदमा भएका मुख्य–मुख्य कुरालाई टिपोट गर्न, कसैको भनाइ र लामा लेखबाट आवश्यक कुरा राख्नको लागि आवश्यक छ ।
- गौण र मुख्य कुरा छुट्याउने सिपको विकास गर्न ।
- लेखाईलाई व्यवस्थित, सिलसिलाबद्ध छोटो रूपमा प्रस्तुत गर्न बुँदा टिपोटको प्रयोजन भएको देखिन्छ ।

### २.२.४ बुँदा टिपोटका विशेषताहरू

- बुँदा टिपोट पूर्ण, स्पष्टता, क्रमबद्धता, मौलिक मितव्ययिता र गहनता हुनुपर्छ ।
- लेखनकला सिपको विकासमा महत्त्वपूर्ण सहयोग पुर्‍याउँदछ ।
- मौखिक कुरालाई सुरक्षित राख्न लिखित कुरालाई सटिक रूपमा प्रस्तुत गर्न बुँदा टिपोट गरिन्छ ।
- यसले विद्यार्थीको लेखन सिपको विकासका साथै उनीहरूमा सिर्जनशिलता, मौलिकता, व्याकरणात्मक तथा वर्णविन्यासीय त्रुटि निराकरण क्षमताको विकास हुन्छ ।
- बुँदा टिपोटको लागि ५% अङ्क छुट्याइएको हुन्छ ।
- बुँदाहरूले दिइएको विषयवस्तुको सम्पूर्ण मूलभाव समेट्नु पर्छ ।
- बुँदा टिपोटले मौलिकता र सृजनशीलताको विकास गराउँछ ।

- थोरैलाई धेरै र धेरैलाई थोरै बनाउन बुँदा टिपोटले भूमिका खेलेको पाइन्छ ।
- यसको कुनै सीमित समय र सीमा हुँदैन ।
- मूलसार पत्ता लगाई अर्थबोध गर्न सकेको हुनुपर्छ ।

### २.२.५ बुँदा टिपोट र लेखन सिपको सम्बन्ध

भाषाका चारवटा लेखाइ सिपहरूमध्ये लेखाइ सिपलाई महत्त्वपूर्ण सिपका रूपमा लिइन्छ । आफूले पढेका, सुनेका अनुभव गरेका कुराहरू क्रमिक र व्यवस्थित रूपमा प्रस्तुत गर्ने काम लेखाइ सिपबाट मात्र सम्भव छ । लेखाइको माध्यमबाट कुनै पनि व्यक्तिले आफ्ना विचार भावना पुऱ्याउन कुनै प्रसङ्ग सन्दर्भ अनुसारका मुख्य कुरालाई टिपोट गर्न, सिर्जनात्मक क्षमताको विकास गर्न पनि लेखाइ सिपको आवश्यकता छ । लेखाइको माध्यमबाट अभिव्यक्त गरिने विषयवस्तु स्थायी र युगौंयुगसम्म चिरस्थायी हुन्छ । व्यक्तिले अनुभव गरेका ज्ञान सिप अरू समक्ष प्रस्तुत गर्न, ती कुराहरूलाई स्थायी रूपमा राख्न र भविष्यमा आफू लगायत अरूका लागि समेत उपयोगी बनाउन लेखन कलाले मद्दत गर्ने भएकोले बुँदा टिपोट गर्दा लेखाइ सिप सम्बन्धित रहेको पाइन्छ (ढुङ्गेल, २०७१ : १४) । बुँदा टिपोटले आफूले सिकेको ज्ञान सिपलाई लामो समयसम्म सूरक्षित राख्न सहयोग पुऱ्याउँछ । मौलिकता, सृजनशीलता, मितव्ययिताको, स्पष्टता जस्ता पक्षमा विकास गर्छ । लिखित भाषा स्थायी किसिमको हुन्छ । यसमा स्थान र समयको सीमा हुँदैन ।

लेखन कला समग्र शिक्षण सिकाइको व्यक्तित्व विकासको महत्त्वपूर्ण अङ्ग पनि हो । टिपोट गर्न, व्याख्या र स्पष्टीकरण गर्न आफूले आर्जन गरेका ज्ञानलाई पुनः उपयोग गर्न अथवा भाषामा पुनः सङ्गठित गर्न, सम्पूर्ण कार्यमा लेखनकै संलग्नता रहन्छ । त्यसैगरी पठित कुराको सारांश उतार्न, लेखेर वर्णन एवम् छलफल गर्न, प्रतिवेदन दिन, मूल्याङ्कन गर्न र समीक्षा गर्न पनि लेखनकलाको आवश्यकता छ ।

### २.२.६ निष्कर्ष

पाठ वा अनुच्छेदमा भएका मुख्य–मुख्य कुरालाई पत्ता लगाएर तिनलाई बुँदाका रूपमा टिप्नु नै बुँदा टिपोट हो । भाषाका चारैवटा सिपमध्ये लेखाइ सिपले भाषालाई चिरस्थायी जीवन्त बनाउन सहयोग पुऱ्याउँछ । यसले मौलिक र सृजनात्मक तार्किक क्षमताको विकास गर्न सहयोग पुऱ्याउँछ । यसको आफ्नै निश्चित प्रक्रिया रहेको हुँदा त्यही

प्रक्रियाबाट बुँदा टिपोट गर्ने गरिन्छ । सुनेका, पढेका, अनुभव गरेका कुराहरू सम्झनको लागि बुँदा टिपोटले सहयोग पुऱ्याउँदछ । लामो विषयलाई छोटो बनाउन छोटो विषयलाई लामो बनाउन क्षमताको विकास गर्दछ । यो क्रमिक, व्यवस्थित र स्पष्ट हुन्छ । कुनै विषयलाई प्रभावकारी बनाउन र दीर्घकालीन बनाउन यसको प्रयोग अपरिहार्य छ । यसले गौण प्रसङ्गलाई हटाई महत्त्वपूर्ण प्रसङ्गलाई केन्द्रित गर्न मूल सारको खोजी गर्ने क्षमताको विकास गर्दछ ।

यसरी बुँदा टिपोटलाई लेखाइ सिपको एक महत्त्वपूर्ण र उपयोगी कलाको रूपमा लिन सकिन्छ । यो स्थायी प्रकृतिको हुन्छ । प्रकृति र समय सीमाको निर्धारण गरिएको हुँदैन । आफूले अनुभव र ज्ञान हासिल गरेका कुराहरूलाई अरू समक्ष प्रस्तुत गर्न, ती कुरालाई सम्झनामा राख्न सहयोग पुऱ्याएको पाइन्छ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

शोधकार्यलाई विधिवत रूपमा सम्पन्न गर्नका लागि उपयोग गरिने तरिका, पद्धति वा प्रक्रियालाई नै शोधविधि भनिन्छ । शोधविधिअन्तर्गत जनसङ्ख्या नमुना छनोट, नमुना छनोट प्रक्रिया, तथ्याङ्क सङ्कलनको श्रोत, उपकरण निर्माण, परीक्षण प्रक्रिया, तथ्याङ्क विश्लेषण आदि कुराहरू पर्दछन् । शोधकार्यलाई विश्वसनीय बनाउनका लागि अध्ययनका विभिन्न विधि र प्रक्रियाहरू अपनाउनुपर्ने हुन्छ । निश्चित अध्ययन विधि विना शोधकार्यले सफलता नपाउने हुन्छ । तसर्थ प्रस्तुत बुँदा टिपोट क्षमताको अध्ययन शीर्षक सम्बन्धित क्षेत्रमा पुगेर स्थलगत अध्ययन विधिको प्रयोग गरिएको छ ।

बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमध्ये जनसङ्ख्या प्रतिनिधि नमुना छनोट गरी जम्मा पाँच सामुदायिक विद्यालयका १०० जना विद्यार्थीहरूमा यो अध्ययन सीमित रहेकोछ । विद्यार्थीहरूसँगको प्रत्यक्ष सहभागितामा बुँदा टिपोट कार्य गराई उक्त कार्यबाट आएको परिणामलाई तुलनात्मक रूपमा छलफल गरी व्याख्या विश्लेषण गरेर स्तर पहिचान गरिएको छ ।

विद्यालयका शिक्षक तथा विषय विशेषज्ञको सल्लाह सुझावलाई बोध गर्दै विधि र प्रक्रिया प्रयोग गरिएको छ ।

## ३.१ जनसङ्ख्या र नमुना छनोट

प्रस्तुत अध्ययनमा कक्षा नौमा अध्ययनरत बाँके जिल्लाका पाँचवटा सामुदायिक विद्यालयका सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

समग्र जनसङ्ख्याको प्रतिनिधित्व भएको, समान विशेषतायुक्त सानो समूह नै नमुना हो । प्रस्तुत अध्ययनलाई तथ्यपूर्ण, विश्वसनीय र प्रभावकारी बनाउनका लागि उपयुक्त जनसङ्ख्यालाई प्रयोगमा ल्याइएको छ ।

प्रतिनिधि नमुना छनोटका रूपमा बाँके जिल्लाभित्रका पाँच सामुदायिक विद्यालयका विद्यार्थीहरूबाट सम्भावनायुक्त नमुना छनोट विधिको चिठ्ठा पद्धति प्रयोग गरी प्रत्येक विद्यालयबाट २० जनाका दरले (१० जना छात्र र १० जना छात्रा) जम्मा १०० जना

विद्यार्थीहरूलाई छनोट गरिएको छ। भाषिक पृष्ठभूमिका आधारमा तिनै प्रत्येक विद्यालयका २० जनामध्ये १० जना पहिलो नेपालीभाषी र १० जना दोस्रो नेपालीभाषी पर्ने गरी छनोट गरिएको छ।

## ३.२ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययनका क्रममा प्राथमिक स्रोत सामग्री सङ्कलन गर्न स्थलगत अध्ययन विधिलाई प्रयोग गरिएको छ । जसअन्तर्गत बाँके जिल्लाका पाँच सामुदायिक विद्यालयबाट दश छात्रा र दश छात्र गरी २०/२० जनाका दरले १०० जना विद्यार्थीहरूसँग प्रत्यक्ष भेटघाट गरी विद्यार्थीहरूलाई कक्षा नौको हाम्रो नेपाली किताबको जीवनी विधाको (आङ साङ सुकी) एक अनुच्छेद र अर्को प्रबन्ध विधा (अनारको बोट) बाट एक अनुच्छेद छनोट गरी बुँदा टिपोट क्षमता लेखन कार्य गराइएको छ । उक्त विद्यार्थीहरूका उत्तर पुस्तिका सङ्कलन गरिएको छ । बुँदा टिपोट गराउँदा सुरुमा विद्यार्थीहरूलाई आवश्यकता निर्देशन, सल्लाह तथा सुझाब दिई निर्धारित सीमाभित्र विद्यार्थीहरूलाई बुँदा टिपोट गर्न लगाइएको छ। अन्त्यमा उत्तर पुस्तिका सङ्कलन गरिएको छ।

विद्यार्थीहरूको बुँदा टिपोट परीक्षण गर्दा भाषिक शुद्धताका लागि ४ अङ्क, विषयवस्तुको सङ्गठन र ५ अङ्क, क्रमबद्ध ३ अङ्क, मौलिकता ३ अङ्क, वाक्यगठन ५ अङ्क गरी जम्मा २० अङ्क प्रदान गरिएको छ । उत्तरपुस्तिका परीक्षण गरिसकेपछि प्राप्ताङ्कका आधारमा ८०–१०० प्रतिशत ल्याउनेलाई उच्चतम, ६०-८० प्रतिशत ल्याउनेलाई उच्च, ४०–६० प्रतिशत ल्याउनेलाई मध्यम, २०–४० प्रतिशत ल्याउनेलाई निम्न र २० प्रतिशतभन्दा कम ल्याउनेलाई निम्नतम श्रेणीमा वर्गीकरण गरिएको छ । यसको व्याख्याका लागि विद्यार्थीहरूले लेखेको बुँदा टिपोटको प्रकृतिअनुसार प्राप्ताङ्कको मध्यमान र प्रतिशतका आधारमा बुँदा टिपोट क्षमताको व्याख्या गरी शोधप्रस्तावको उद्देश्यअनुरूप सङ्कलन गरिएको तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तुलनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ।

# अध्याय चार

## समग्र विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको विश्लेषण

प्रस्तुत अध्ययन बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । अनुसन्धानका लागि बाँके जिल्लाका कक्षा नौमा अध्ययन गर्ने पाँचवटा सामुदायिक विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशत र मध्यमानका आधारमा विश्लेषण गरिएको छ । प्रतिशतका आधारमा विश्लेषण गर्दा पाँचवटा श्रेणीमा विभाजन गरिएको छ भने मध्यमानका आधारमा विश्लेषण गर्दा मध्यमानभन्दा कम र मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या निकालिएको छ । यसरी बाँके जिल्लाका सामुदायिक पाँचवटा विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको विश्लेषण निम्नानुसार रहेको छ :

### ४.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको विश्लेषण

प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको विश्लेषणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका - १**


| विद्यार्थी सङ्ख्या | ०-२०% | | २०-४०% | | ४०-६०% | | ६०-८०% | | ८०-१००% | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | निम्नतम | | निम्न | | मध्यम | | उच्च | | उच्चतम | |
| १०० | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. |
| | १ | १ | १९ | १९ | ६८ | ६८ | १२ | १२ | ० | ० |

माथिको तालिका अनुसार निम्नतम ०-२० प्रतिशत अङ्क ल्याउने विद्यार्थी एकजना रहेको छ भने प्रतिशतका आधारमा पनि एक नै विद्यार्थी रहेको छ । २०-४० प्रतिशत अर्थात् निम्न अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १९ रहेको छ भने प्रतिशत पनि १९ नै रहेको छ । त्यस्तै गरी मध्यम ४०-६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६८ र प्रतिशत पनि ६८ नै रहेको छ । उच्च अङ्क ६०-८० ल्याउने विद्यार्थी सङ्ख्या १२ र प्रतिशत पनि १२ नै रहेको छ । त्यसैगरी उच्चतम ८०-१०० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या कोही पनि नरहेको पाइन्छ ।

प्रस्तुत तथ्याङ्कमा १९ प्रतिशत विद्यार्थी अनुत्तीर्ण र ८१ प्रतिशत विद्यार्थी उत्तीर्ण रहेको पाइयो । औसत विद्यार्थीहरूले मध्यम अङ्क प्राप्त गरेकाले बुँदा टिपोट क्षमताको स्थिति सन्तोषजनक रहेको पाइन्छ । बुँदा टिपोट क्षमताको स्तर सन्तोषजनक रहे पनि प्राय: विद्यार्थीहरूले विषयवस्तुको सङ्गठन र प्रस्तुतिकरणमा ध्यान नदिएको, भाषिक शुद्धता, वाक्य गठन, मौलिकता, क्रमबद्धता र बुँदा टिपोटको विधि प्रक्रिया स्पष्ट नभएको जस्ता कमजोरी रहेको पाइयो । तसर्थ शिक्षकले बुँदा टिपोट सम्बन्धी विस्तृत रूपमा विधि र प्रक्रिया सिकाएर प्रशस्त अभ्यास गराउनु पर्ने देखिन्छ । यसका साथै विद्यार्थीहरूलाई बुँदा टिपोट गर्न लगाई आवश्यक सुझाब सल्लाह मेहनत परिश्रम गर्नमा प्रोत्साहन गर्नुपर्ने देखिन्छ । यसलाई अझै स्पष्ट पार्न स्तम्भ चित्रमा देखाइएको छ :

**स्तम्भ चित्र - १**

**प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको स्थिति**




## ४.२ मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको विश्लेषण

मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको विश्लेषणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :


### तालिका - २

| विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १०.२५ | ५३ | ५३ | ४७ | ४७ |

माथिको तालिका अनुसार बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको अध्ययन गर्दा प्राप्त गरेको प्राप्ताङ्कको आधारमा मध्यमान १०.२५ रहेको छ । प्राप्त मध्यमानलाई आधार मानेर हेर्दा १०० जना विद्यार्थीहरूमध्ये मध्यमानभन्दा माथि ५३ जना र मध्यमानभन्दा तल ४७ जना विद्यार्थी रहेका छन् । प्रतिशतका आधारमा हेर्दा पनि ५३ प्रतिशत माथि र ४७ प्रतिशत विद्यार्थी तल रहेको पाइयो । यस आधारमा समुहमा ५३ प्रतिशत विद्यार्थीको बुँदा टिपोट क्षमता राम्रो रहेको देखिन्छ भने ४७ प्रतिशत विद्यार्थीको बुँदा टिपोट क्षमता कमजोर रहेको देखिन्छ । यसरी मध्यमानका आधारमा विश्लेषण गर्दा मध्यमानभन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या धेरै भएको पाइयो । धेरै विद्यार्थी मध्यमानभन्दा माथि रहेकाले बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत बुँदा टिपोट क्षमता राम्रो रहेको देखिन्छ ।

### स्तम्भ चित्र - २

### मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको स्थिति



# अध्याय पाँच

# भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा बुँदा टिपोट क्षमताको तुलनात्मक विश्लेषण

प्रस्तुत अध्यायमा बाँके जिल्लाका पाँचवटा सामुदायिक विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषीका रूपमा विभाजन गरिएको छ । लैङ्गिकताका आधारमा बुँदा टिपोट क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउन छात्र र छात्राका रूपमा विभाजन गरी प्राप्त तथ्याङ्कलाई व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ५.१ भाषिक पृष्ठभूमिका आधारमा बुँदा टिपोट क्षमताको तुलनात्मक विश्लेषण

प्रस्तुत अध्ययनमा बाँके जिल्लाका पाँचवटा सामुदायिक विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषीका रूपमा विभाजन गरी व्याख्या तथा विश्लेषण गरिएको छ । यसमा नेपाली पहिलोभाषी ५० जना र नेपाली दोस्रोभाषी ५० जना रहेका छन् ।

### ५.१.१ नेपाली पहिलोभाषीहरूको बुँदा टिपोट क्षमताको विश्लेषण

यस अध्ययनमा बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत नेपाली पहिलोभाषी ५० जना विद्यार्थीलाई नमुनाका रूपमा राखिएको छ । यसरी छनोटमा परेका नेपाली पहिलोभाषीहरूको बुँदा टिपोट क्षमतालाई मध्यमान र प्रतिशतका आधारमा छुट्टाछुट्टै व्याख्या विश्लेषण गरिएको छ ।

#### ५.१.१.१ प्रतिशतका आधारमा नेपाली पहिलोभाषीहरूको बुँदा टिपोट क्षमताको विश्लेषण

प्रतिशतका आधारमा नेपाली पहिलोभाषीहरूको बुँदा टिपोट क्षमताको विश्लेषणलाई निम्नानुसार तालिकामा प्रस्तुत  गरिएको छ :

**तालिका ३**


| विद्यार्थी सङ्ख्या | ०-२०% | | २०-४०% | | ४०-६०% | | ६०-८०% | | ८०-१००% | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | निम्नतम | | निम्न | | मध्यम | | उच्च | | उच्चतम | |
| ५० | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. |
| | ० | ० | १० | २० | ३४ | ६८ | ६ | १२ | ० | ० |

माथि प्रस्तुत तालिका अनुसार बाँके जिल्लाका पाँचवटा विद्यालयका कक्षा नौमा अध्ययनरत नेपाली पहिलोभाषीहरूको बुँदा टिपोट क्षमताको विश्लेषणलाई प्रतिशतमा देखाइएको छ । यसमा प्राप्ताङ्कलाई पाँचवटा श्रेणीमा विभाजन गरिएको छ । यसअनुसार निम्नतम श्रेणी अर्थात् ०-२० प्रतिशत अङ्क ल्याउने ० जना (० प्रतिशत) विद्यार्थी रहेको पाइयो । २०.४० प्रतिशत अर्थात् निम्न श्रेणी प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १० रहेको छ भने उक्त विद्यार्थीको प्रतिशत २० रहेको छ । मध्यम श्रेणी अर्थात् ४०-६० प्रतिशत प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३४ रहेको छ । यसको प्रतिशत ६८ रहेको छ । उत्तम श्रेणी अर्थात् ६०-८० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ६ र प्रतिशताङ्क १२ रहेको छ । यसैगरी उच्चतम ८०-१०० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० प्रतिशत रहेको देखिन्छ ।

प्रस्तुत तथ्याङ्कलाई आधार मान्दा सबैभन्दा निम्नतम श्रेणी ० र उच्चतम श्रेणी प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ० रहेको पाइयो । मध्यम श्रेणी प्राप्त गर्ने ६८ प्रतिशत रहे पनि उच्च श्रेणीमा १२ प्रतिशत विद्यार्थी रहेकाले बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत पहिलोभाषी विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको स्तर सन्तोषजनक देखिएको छ । बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत नेपाली पहिलोभाषी सम्पूर्ण विद्याथीहरूको स्तर समान भने नरहेको पाइयो । पहिलोभाषी विद्यार्थीले बुँदा टिपोट गर्दा विषयवस्तुको सङ्गठन, प्रस्तुतीकरण, मौलिकता, भाषा संयोजन, भाषिक शुद्धता, क्रमबद्धता आदिजस्ता पक्षमा ध्यान नदिइएको र त्यसलाई सुधार गर्नको लागि विभिन्न विधाबाट बुँदा टिपोटको अभ्यास प्रशस्त गराउनुपर्ने देखिएको छ । यसलाई थप स्पष्ट पार्न स्तम्भ चित्रमा देखाइएको छ :

**स्तम्भ चित्र - ३**

**प्रतिशतका आधारमा नेपाली पहिलोभाषीहरूको बुँदा टिपोट क्षमताको स्थिति**




### ५.१.१.२ मध्यमानका आधारमा नेपाली पहिलोभाषीहरूको बुँदा टिपोट क्षमताको विश्लेषण

मध्यमानका आधारमा नेपाली पहिलोभाषीहरूको बुँदा टिपोट क्षमताको विश्लेषणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका - ४**


| विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ९.९८ | २१ | ४२ | २९ | ५८ |

प्रस्तुत तालिका अनुसार बाँके जिल्लाका नमुना छनोटमा परेको सामुदायिक पाँच विद्यालयमा कक्षा नौमा अध्ययनरत नेपाली पहिलोभाषीहरूको बुँदा टिपोट लेखनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ९.९८ रहेको छ । उक्त मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि २१ रहेको छ भने प्रतिशतमा ४२ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी

मध्यमानभन्दा तल २९ जना प्रतिशतमा ५८ विद्यार्थी रहेका छन् । यस आधारमा ५० जना नेपाली पहिलोभाषीहरूको समुहमा २१ जना विद्यार्थीहरूको बुँदा टिपोट क्षमता राम्रो देखिन्छ भने २९ जना विद्यार्थीको क्षमता कमजोर रहेको देखिन्छ । यस आधारमा नेपाली पहिलोभाषीहरूको बुँदा टिपोट क्षमता कमजोर रहेको देखिन्छ ।

**स्तम्भ चित्र - ४**

**मध्यमानका आधारमा नेपाली पहिलोभाषीहरूको बुँदा टिपोट क्षमताको स्थिति**




### ५.१.२ नेपाली दोस्रोभाषीहरूको बुँदा टिपोट क्षमताको विश्लेषण

यस अध्ययनमा बाँके जिल्लाका पाँच सामुदायिक विद्यालयका कक्षा नौमा अध्ययनरत ५० जना विद्यार्थीलाई नमुनाका रूपमा राखिएको छ । पाँच विद्यालयका नेपाली दोस्रोभाषी विद्यार्थीमा कक्षा नौमा अध्ययनरत थारू, पाठक, श्रेष्ठ आदि जातिका विद्यार्थी रहेका छन् । उनीहरूले आफ्नो घर परिवार समाज र समुदायमा आफ्नै जातीय भाषालाई प्रयोग गर्ने गर्दछन् । यसरी पाँच सामुदायिक विद्यालयका ५० जना विद्यार्थी दोस्रोभाषी विद्यार्थीको रूपमा रहेका छन् । यसरी छनोटमा परेका नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदा टिपोट क्षमतालाई मध्यमान र प्रतिशतका आधारमा छुट्टाछुट्टै व्याख्या विश्लेषण गरिएको छ ।

### ५.१.२.१ प्रतिशतका आधारमा नेपाली दोस्रोभाषीहरूको बुँदा टिपोट क्षमताको विश्लेषण

प्रतिशतका आधारमा नेपाली दोस्रोभाषीहरूको बुँदा टिपोट क्षमताको विश्लेषणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ५**

| विद्यार्थी सङ्ख्या | ०-२०% | | २०-४०% | | ४०-६०% | | ६०-८०% | | ८०-१००% | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | निम्नतम | | निम्न | | मध्यम | | उच्च | | उच्चतम | |
| ५० | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. |
| | १ | २ | ९ | १८ | ३४ | ६८ | ६ | १२ | ० | ० |

माथिको तालिकामा बाँके जिल्लाका पाँच सामुदायिक विद्यालयका कक्षा नौमा अध्ययनरत नेपाली दोस्रोभाषीहरूको बुँदा टिपोट क्षमताको स्थितिलाई प्रतिशतमा देखाइएको छ । यसमा प्राप्ताङ्कलाई पाँचवटा श्रेणीमा विभाजन गरिएको छ । यसअनुसार निम्नतम श्रेणी अर्थात् ०-२० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ रहेको पाइयो । २०-४० प्रतिशत अर्थात् निम्न श्रेणी प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ९ रहेको छ भने उक्त विद्यार्थीको प्रतिशत १८ रहेको छ । मध्यम श्रेणी ४०-६० प्रतिशत प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३४ रहेको छ । यसको प्रतिशत ६८ रहेको देखिन्छ । उच्च श्रेणी अर्थात् ६०-८० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ६ र प्रतिशताङ्क १२ रहेको छ । यसैगरी उच्चतम श्रेणी ८०-१०० विद्यार्थी सङ्ख्या ० प्रतिशताङ्क पनि ० नै रहेको छ ।


उक्त तथ्याङ्कलाई आधार मान्दा सबैभन्दा निम्नतम श्रेणीमा २ प्रतिशत विद्यार्थी रहेको पाइयो भने निम्न श्रेणी प्राप्त गर्ने १८ प्रतिशत विद्यार्थी रहेको पाइयो । ६८ प्रतिशत विद्यार्थीले मध्यम श्रेणी प्राप्त गरेको देखिन्छ । त्यसैगरी उत्तम श्रेणीमा १२ प्रतिशत विद्यार्थी रहकाले बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत दोस्रोभाषी विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको स्तर सन्तोषजनक नरहेको पाइन्छ । यसरी हेर्दा नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदा टिपोट क्षमता कमजोर रहेको देखिन्छ । यस्तो स्थिति देखा पर्नुमा नेपाली दोस्रोभाषी विद्यार्थीहरू विद्यालयभन्दा बाहिर साथीभाइ घर परिवार, समाज, समुदायसँग आफ्नो

मातृभाषाको प्रयोग गर्ने भएकाले नेपाली भाषामा बुँदा टिपोट गर्दा पहिलोभाषीको तुलनामा कमजोर रहेको देखिन्छ । दोस्रोभाषी विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको स्तरलाई सुधार गर्न अनौपचारिक र औपाचारिक रूपमा नेपाली भाषा, वाक्य, शब्दचयन, प्रस्तुति जस्ता विभिन्न पक्षमा ज्ञान सिपको विकास गर्न शिक्षकको प्रोत्साहन दिने अभ्यास गराउनुपर्ने देखिन्छ ।

बुँदा टिपोटका विभिन्न विधि र प्रक्रिया छन् सोको आधारमा विभिन्न विधाको अनुच्छेदलाई अभ्यास गराई विद्यार्थीको स्तरलाई सुधार गर्नुपर्ने देखियो । प्रतिशतका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको स्थितिलाई थप प्रस्ट पार्न स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ :

**स्तम्भ चित्र - ५**

**प्रतिशतका आधारमा नेपाली दोस्रोभाषीहरूको बुँदा टिपोट क्षमताको स्थिति**




### ५.१.२.२ मध्यमानका आधारमा नेपाली दोस्रोभाषीहरूको बुँदा टिपोट क्षमताको विश्लेषण

मध्यमानका आधारमा नेपाली दोस्रोभाषीहरूको बुँदा टिपोट क्षमताको विश्लेषणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका - ६


| विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १०.५२ | २२ | ४४ | २८ | ५६ |

प्रस्तुत तालिका अनुसार बाँके जिल्लाका नमुना छनोटमा परेको सामुदायिक पाँच विद्यालयमा कक्षा नौमा अध्ययनरत नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदा टिपोट लेखनमा प्राप्त गरको प्राप्ताङ्कको मध्यमान १०.५२ रहेको छ । उक्त मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि २२ जना (४४ प्रतिशत) विद्यार्थी रहेका छन् । मध्यमानभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २८ जना (५६ प्रतिशत) रहेका छन् । यस आधारमा मध्यमानका आधारमा बाँके जिल्लाका विद्यालयका नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदा टिपोट क्षमता राम्रो मान्न सकिन्छ ।

समग्रमा बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत नेपाली पहिलोभाषी र दोस्रोभाषी विद्यार्थीको बुँदा टिपोट क्षमताको तुलना गर्दा दोस्रोभाषी विद्यार्थीहरूको क्षमता राम्रो रहेको पाइन्छ । बाँके जिल्लामा चौधरी समुदायको बाहुल्य रहेको पाइन्छ । उनीहरूले घरपरिवार, समाज, समुदाय, साथीहरूसँग आ-आफ्नो मातृभाषा प्रयोग गर्ने गरिएको पाइन्छ । पहिलोभाषी विद्यार्थीले जति नेपाली भाषाअनुकूल नपाएको कारणले गर्दा पनि नेपाली पहिलोभाषी विद्यार्थीको तुलनामा दोस्रोभाषी विद्यार्थीहरूको क्षमता केही कमजोर रहेको पाइयो ।

**स्तम्भ चित्र - ६**

**मध्यमानका आधारमा नेपाली दोस्रोभाषीहरूको बुँदा टिपोट क्षमताको स्थिति**




### ५.१.३ भाषिक पृष्ठभूमिका आधारमा बुँदा टिपोट क्षमताको तुलनात्मक विश्लेषण

भाषिक पृष्ठभूमिका आधारमा बुँदा टिपोट क्षमताको तुलनात्मक विश्लेषणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका - ७**

| भाषिक पृष्ठभूमि | विद्यार्थी सङ्ख्या | ०-२०% | | २०-४०% | | ४०-६०% | | ६०-८०% | | ८०-१००% | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निम्नतम | | निम्न | | मध्यम | | उच्च | | उच्चतम | |
| | | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. |
| नेपाली पहिलोभाषी | ५० | ० | ० | १० | २० | ३४ | ६८ | ६ | १२ | ० | ० |
| नेपाली दोस्रोभाषी | ५० | १ | २ | ९ | १८ | ३४ | ६८ | ६ | १२ | ० | ० |


यहाँ प्रतिशतका आधारमा बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत नेपाली पहिलोभाषी र दोस्रोभाषी विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी तुलनात्मक विश्लेषण गरिएको छ । प्रस्तुत तालिका ९ मा बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत नेपाली पहिलोभाषी र दोस्रोभाषी विद्यार्थीहरूले बुँदा टिपोट लेखनमा प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतमा देखाइएको छ । नेपाली पहिलोभाषी विद्यार्थीको जम्मा सङ्ख्या ५० रहेको छ भने दोस्रोभाषी विद्यार्थीको सङ्ख्या पनि ५० नै रहेको छ । ०-२० प्रतिशत अङ्क ल्याउने नेपाली पहिलोभाषी विद्यार्थी ० रहेका छन् भने प्रतिशतमा पनि ० प्रतिशत नै रहेको पाइन्छ । दोस्रोभाषी विद्यार्थी १ जनाले निम्नतम श्रेणी ल्याएको देखिन्छ । निम्न श्रेणी अर्थात् २०-४० प्रतिशत अङ्क ल्याउने नेपाली  पहिलोभाषी विद्यार्थी १० जना (२० प्रतिशत) रहेका छन् भने नेपाली दोस्रोभाषी विद्यार्थी ९ जना र प्रतिशतमा १८ जना रहेका छन् । मध्यम श्रेणी ४०-६० प्रतिशत अङ्क ल्याउने ३४ जना ( ६८ प्रतिशत) नेपाली पहिलोभाषी विद्यार्थी रहेका छन् भने दोस्रोभाषी पनि ३४ जना (६८ प्रतिशत) दोस्रोभाषी विद्यार्थी रहेका छन् । उत्तम श्रेणी अर्थात् ६०-८० प्रतिशत अङ्क ल्याउने पहिलोभाषी विद्यार्थी सङ्ख्या ६ (१२ प्रतिशत) रहेको छ भने दोस्रोभाषी विद्यार्थी सङ्ख्या पनि ६ (१२ प्रतिशत) रहेको छ । उच्चतम श्रेणी अर्थात् ८०-१०० प्रतिशत अङ्क ल्याउने ० जना र प्रतिशतमा पनि ० नै रहेका छन् भने नेपाली दोस्रोभाषी विद्यार्थी पनि  ० जना (० प्रतिशत) रहेका छन् ।

यस आधारमा नेपाली पहिलोभाषी र दोस्रोभाषी विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको तुलना गर्दा दोस्रोभाषी विद्यार्थीहरूको बुँदा टिपोट क्षमता कमजोर रहेको पाइयो । पहिलोभाषी विद्यार्थीहरू घरपरिवार, साथी, समाज, समुदायमा पनि नेपाली भाषाको प्रयोग गर्ने हुनाले नेपाली भाषालाई अझ स्तरीय बनाउन सहयोग पुगेको देखिन्छ । नेपाली दोस्रोभाषी विद्यार्थीहरूले आफ्ने मातृभाषालाई बढी आधार मानेर अनौपचारिक औपचारिक ठाउँमा प्रयोग गर्न खोज्दा पर्याप्त अनुकूल वातावरण नपाइने भएकाले नेपाली पहिलोभाषीको तुलनामा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदा टिपोट क्षमता कमजोर रहेको पाइन्छ । नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदा टिपोट क्षमतालाई सुधार्नको लागि आवश्यक मार्गदर्शन दिने सम्पूर्ण विद्यार्थीको वैयक्तिक क्षमतालाई बोध गरेर पर्याप्त अभ्यास गराउने समय समयमा बुँदा टिपोट लेखनमा हौसला बढाउन पुरस्कारको व्यवस्थाको साथ बुँदा टिपोट अभ्यास गराउनु पर्ने देखिन्छ । बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत नेपाली

पहिलोभाषी र दोस्रोभाषी विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको स्थितिलाई तुलनात्मक रूपमा प्रस्ट पार्न स्तम्भ चित्रमा देखाइएको छ :

**स्तम्भ चित्र - ७**

**भषिक पृष्ठभूमिका आधारमा बुँदा टिपोट क्षमताको तुलनात्मक स्थिति**




## ५.२ लैङ्गिकताका आधारमा बुँदा टिपोट क्षमताको तुलनात्मक विश्लेषण

प्रस्तुत अध्ययनमा बाँके जिल्लाका पाँचवटा सामुदायिक विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा बुँदा टिपोट क्षमताको अध्ययन गर्न विद्यार्थीहरूलाई छात्र र छात्रामा विभाजन गरिएको छ । यसमा ५० जना छात्रा र ५० जना छात्र गरी १०० जना विद्यार्थी रहेका छन् । प्रस्तुत अध्ययनमा लैङ्गिकताका आधारमा बुँदा टिपोट क्षमताको विश्लेषण तालिकामा प्रस्तुत गरिएको छ :

### ५.२.१ छात्रहरूको बुँदा टिपोट क्षमताको विश्लेषण

यस अध्ययनमा बाँके जिल्लाका पाँच सामुदायिक विद्यालयका ५० जना छात्र नमुना छनोटमा परेका छन् । उक्त ५० जना छात्र विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको विश्लेषणलाई प्रतिशतमा र मध्यमानका आधारमा प्रस्तुत गरिएको छ ।

### ५.२.१.१ प्रतिशतका आधारमा छात्रहरूको बुँदा टिपोट क्षमताको विश्लेषण

प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको विश्लेषणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका - ८**

| विद्यार्थी सङ्ख्या | ०-२०% | | २०-४०% | | ४०-६०% | | ६०-८०% | | ८०-१००% | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | निम्नतम | | निम्न | | मध्यम | | उच्च | | उच्चतम | |
| ५० | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. |
| | ० | ० | ९ | १८ | ३५ | ७० | ६ | १२ | ० | ० |

माथिको तालिकामा बाँके जिल्लाका पाँच सामुदायिक विद्यालयका कक्षा नौमा अध्ययनरत ५० जना छात्र विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको विश्लेषणलाई प्रतिशतमा देखाइएको छ । यसमा प्राप्ताङ्कलाई पाँचवटा श्रेणीमा विभाजन गरिएको छ । जस अनुसार निम्नतम श्रेणी अर्थात् ०-२० प्रतिशत अङ्क ल्याउने छात्र विद्यार्थी ० जना र प्रतिशतका आधारमा पनि ० नै रहेको पाइन्छ । २०-४० प्रतिशत निम्न श्रेणी प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ९ रहेको छ भने उक्त विद्यार्थीको प्रतिशत १८ रहेको छ । मध्यम श्रेणी ४०-६० प्रतिशत प्राप्त गर्न छात्र विद्यार्थी सङ्ख्या ३५ प्रतिशत र ७० रहेको छ । उच्च श्रेणी अर्थात् ६०-८० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ६ र प्रतिशताङ्कमा १२ रहेको छ । त्यसैगरी उच्चतम श्रेणीमा ० जना र प्रतिशत पनि ० नै रहेको पाइन्छ ।


यस तथ्याङ्कलाई आधार मान्दा सबैभन्दा तल्लो श्रेणी निम्नतम श्रेणीमा ० प्रतिशत विद्यार्थी रहेको देखिन्छ । त्यसैगरी निम्न श्रेणी प्राप्त गर्ने १८ प्रतिशत विद्यार्थी रहेको देखिन्छ । त्यसैगरी उत्तम श्रेणीमा १२ प्रतिशत र मध्यम श्रेणीमा ६० मात्र प्राप्ताङ्क गरेकाले बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमता मध्यम भएको पाइयो । छात्र विद्यार्थीहरूलाई बुँदा टिपोट के कसरी गर्ने के कतिको आधारमा रहेर लेख्ने यस बुँदा टिपोटका विधि र प्रक्रियालाई राम्रोसँग बोध नगरेको अवस्था देखिन्छ । बुँदा

टिपोट गर्दा विषयवस्तुको सङ्गठन र प्रस्तुतीकरण, मौलिकता, क्रमबद्धता, वाक्यगठन भाषिक शुद्धता आदिजस्ता पक्षलाई ख्याल नगरेको पाइन्छ । औपचारिक समयलाई मात्र समेटिएको तर शिक्षकले विद्यार्थीहरूलाई गृहकार्यका रूपमा अभ्यास नदिने पाठ्यपुस्तकको मात्र अध्ययन गर्ने तर त्यसले दिन खोजेको उद्देश्यलाई जोड नदिनु जस्ता कारणहरू रहेको पाइयो ।

यसरी छात्र विद्यार्थीहरूको बुँदा टिपोट क्षमतालाई प्रभावकारी र स्तरीय बनाउन शिक्षकले पर्याप्त अभ्यास गराउनु पर्ने छात्र विद्यार्थीहरूबीच कसले कति राम्रो लेख्छ भनेर प्रतिस्पर्धा बनाई पुरस्कारको व्यवस्था गर्न सकेको खण्डमा छात्र विद्यार्थीको बुँदा टिपोट क्षमता सुधार हुने देखिन्छ । शिक्षकले विद्यार्थीको मूख्य गरी कुन कुन पक्षमा कमी कमजोरी रहेको छ सो आधारलाई बुझेर आवश्यक सल्लाह सुझाब दिनुपर्ने आवश्यकता देखिन्छ । छात्र विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको स्थितिलाई प्रस्ट पार्न स्तम्भ चित्रमा देखाइएको छ :

**स्तम्भ चित्र - ८**

**प्रतिशतका आधारमा नेपाली पहिलो भाषीहरुको बुँदा टिपोट क्षमताको स्थिति**




### ५.२.१.२ मध्यमानका आधारमा छात्रहरूको बुँदा टिपोट क्षमताको विश्लेषण

मध्यमानका आधारमा छात्रहरूको बुँदा टिपोट क्षमताको विश्लेषणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :


**तालिका - ९**

| विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १०.४ | २६ | ५२ | २४ | ४८ |

माथिको तालिका ११ अनुसार बाँके जिल्लाका नमुना छनोटमा परेका सामुदायिक पाँचवटा विद्यालयमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट लेखनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १०.४ रहेको छ । उक्त मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि २६ जना (५२ प्रतिशत) रहेका छन् भने मध्यमानभन्दा तल २४ जना अर्थात् ४८ प्रतिशत विद्यार्थी सङ्ख्या रहेको छ । यसरी मध्यमानका आधारमा बाँके जिल्लाका विद्यालयका छात्र विद्यार्थीहरूको बुँदा टिपोट क्षमता राम्रो मान्न सकिन्छ ।

**स्तम्भ चित्र - ९**

**मध्यमानका आधारमा छात्रहरूको बुँदा टिपोट क्षमताको स्थिति**



### ५.२.२ छात्राहरूको बुँदा टिपोट क्षमताको विश्लेषण

यस अध्ययनमा बाँके जिल्लाका पाँच सामुदायिक विद्यालयका ५० जना छात्रा नमुनाका रूपमा परेका छन् । उक्त ५० जनाहरूको बुँदा टिपोट क्षमताको विश्लेषण प्रतिशत र मध्यमानका आधारमा प्रस्तुत गरिएको छ ।

### ५.२.२.१ प्रतिशतका आधारमा छात्राहरूको बुँदा टिपोट क्षमताको विश्लेषण

प्रतिशतका आधारमा छात्राहरूको बुँदा टिपोट क्षमताको विश्लेषणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका - १०**

| विद्यार्थी सङ्ख्या | ०-२०% | | २०-४०% | | ४०-६०% | | ६०-८०% | | ८०-१००% | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | निम्नतम | | निम्न | | मध्यम | | उच्च | | उच्चतम | |
| ५० | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. |
| | १ | २ | १० | २० | ३३ | ६६ | ६ | १२ | ० | ० |

प्रस्तुत तालिकामा बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत छात्रहरूको बुँदा टिपोट क्षमताको विश्लेषणलाई प्रतिशतमा प्रस्तुत गरिएको छ । यस अनुसार निम्नतम श्रेणी अर्थात् ०-२० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ र प्रतिशतमा २ रहेको पाइन्छ । २०-४० प्रतिशत अर्थात् निम्न श्रेणी प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १० र प्रतिशतमा २० रहेको देखिन्छ । मध्यम श्रेणी ४०-६० प्रतिशत प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३३ र प्रतिशतमा ६६ रहेको देखिन्छ । उच्च श्रेणी ६०-८० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ जना र प्रतिशतमा १२ रहेको देखिन्छ । यसैगरी ८०-१०० उच्चतम अङ्क ल्याउने कुनै पनि छात्रा नरहेको पाइयो ।


निम्नतम श्रेणी २ प्रतिशत रहेको पाइयो भने निम्न श्रेणीमा २० प्रतिशत रहेको छ । मध्यम श्रेणीमा ६६ प्रतिशत र उत्तम श्रेणीमा १२ छ भने उच्चतम श्रेणीमा अङ्क ल्याउने कुनै पनि छात्रा नरहेको पाइन्छ । यस आधारमा बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत

छात्रा विद्यार्थीहरूको बुँदा टिपोट क्षमता राम्रो रहेको छ । छात्रा विद्यार्थीहरू पढाइप्रति लगनशील मेहनती र ध्यान दिएर सुन्ने अनि पढ्ने कारणले गर्दा छात्रा विद्यार्थीहरूको बुँदा टिपोट क्षमता राम्रो रहेको देखिन्छ । यति हुँदाहुँदै पनि लेखाइमा मौलिकता क्रमबद्धता नभएको जस्ता दुर्बल पक्ष पनि देखिएको पाइन्छ ।

तसर्थ शिक्षकले यस्ता त्रुटिहरूको निराकरण गरी आवश्यक पृष्ठपोषण पर्याप्त अभ्यास गराउनु पर्ने देखिन्छ । छात्र विद्यार्थीको तुलनामा छात्रा विद्यार्थीहरूको बुँदा टिपोट क्षमता राम्रो रहेको छ । यसलाई थप स्पष्ट पार्न स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ :

**स्तम्भ चित्र - १०**

**प्रतिशतका आधारमा छात्राहरूको बुँदा टिपोट क्षमताको स्थिति**




### **५.२.२.२ मध्यमानका आधारमा छात्राहरूको बुँदा टिपोट क्षमताको विश्लेषण**

मध्यमानका आधारमा छात्राहरूको बुँदा टिपोट क्षमताको विश्लेषणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :


**तालिका - ११**

| विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १०.१ | २१ | ४२ | २९ | ५८ |

प्रस्तुत तालिकामा बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत छात्रा विद्यार्थीहरूको बुँदा टिपोट क्षमतालाई मध्यमानका आधारमा प्रस्तुत गरिएको छ । तालिका अनुसार बाँके जिल्लाका नमुना छनोटमा परेको सामुदायिक पाँचवटा विद्यालयका कक्षा नौमा अध्ययनरत छात्रा विद्यार्थीहरूको बुँदा टिपोट लेखनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १०.१ रहेको छ । उक्त मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि ५१ जना प्रतिशताङ्कमा ४२ र मध्यमानभन्दा तल २९ जना र ५८ प्रतिशत मात्र रहेको पाइयो । यसरी मध्यमानका आधारमा बाँके जिल्लाका विद्यालयका छात्रा विद्यार्थीहरूको बुँदा टिपोट क्षमता राम्रो देखिन्छ ।

**स्तम्भ चित्र - ११**

**मध्यमानका आधारमा छात्रा विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको स्थिति**



### ५.२.३ छात्र र छात्राहरूको बुँदा टिपोट क्षमताको तुलना

बाँके जिल्लाका विद्यालयमा कक्षा नौमा अध्ययनरत छात्र र छात्राहरूको बुँदा टिपोट क्षमताको तुलनालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका - १२**

| भाषिक पृष्ठभूमि | विद्यार्थी सङ्ख्या | ०-२०% | | २०-४०% | | ४०-६०% | | ६०-८०% | | ८०-१००% | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निम्नतम | | निम्न | | मध्यम | | उच्च | | उच्चतम | |
| | | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. |
| छात्र | ५० | ० | ० | ९ | १८ | ३५ | ७० | ६ | १२ | ० | ० |
| छात्रा | ५० | १ | २ | १० | २० | ३३ | ६६ | ६ | १२ | ० | ० |


प्रस्तुत तालिकामा बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूले बुँदा टिपोट गर्दा प्राप्त गरेको प्राप्ताङ्कलाई लैङ्गिकताका आधारमा तुलना गरी तालिकामा देखाइएको छ । छात्र विद्यार्थीको जम्मा सङ्ख्या ५० जना रहेको छ भने छात्रा विद्यार्थीको पनि जम्मा सङ्ख्या ५० जना रहेको छ । न्यूनतम श्रेणी अर्थात् ०-२० प्रतिशत अङ्क ल्याउने छात्र प्रतिशत ० प्रतिशत कुनै पनि विद्यार्थी नरहेको पाइयो भने छात्रा विद्यार्थीको सङ्ख्या १ जना र प्रतिशत २ रहेको पाइन्छ ।

निम्न श्रेणी २०-४० अङ्क ल्याउने छात्र विद्यार्थी ९ जना र प्रतिशत १८ रहेको छ भने छात्रा विद्यार्थी सङ्ख्या १० र प्रतिशत २० रहेका छन् । मध्यम श्रेणी ४०-६० प्रंतिशत अङ्क ल्याउने छात्र विद्यार्थी ३५ जना र प्रतिशत ७० जना रहेको पाइन्छ भने छात्रा ३३ जना र ६६ प्रतिशत रहेको छ । उत्तम श्रेणी अर्थात् ६०-८० प्रतिशत अङ्क ल्याउने छात्र विद्यार्थी सङ्ख्या ६ जना र प्रतिशतमा १२ जना रहेको छ भने छात्रा विद्यार्थी सङ्ख्या ६ जना र प्रतिशतमा १२ रहेको छ । उच्चतम अर्थात् ८०-१०० प्रतिशत अङ्क ल्याउने छात्र कुनै पनि नरहेको र छात्रा प्रतिशत पनि कुनै पनि नरहेको पाइन्छ । यसलाई आधार मानेर

विश्लेषण गर्दा छात्राभन्दा छात्रको बुँदा टिपोट क्षमता राम्रो रहेको छ । बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको स्थितिलाई निम्नानुसार तुलनात्मक रूपमा प्रस्ट पार्न स्तम्भ चित्रमा देखाइएको छ :

**स्तम्भ चित्र - १२**

**छात्र र छात्राहरूको बुँदा टिपोट क्षमताको तुलनात्मक स्थिति**



# अध्याय छ

# सारांश, निष्कर्ष र उपादेयता

## ६.१ सारांश

अनुसन्धान भनेको नयाँ कुराको खोजी गर्नु, व्यवस्थित र वैज्ञानिक ढङ्गबाट व्याख्या विश्लेषण गर्नु नै अनुसन्धान हो । यस अध्ययनको शीर्षक बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको अध्ययन गर्नु रहेको छ । वर्तमान माध्यमिक तहको पाठ्यक्रमले कक्षा नौको नेपाली भाषिक सिपसँग सम्बन्धित सुनाइ, बोलाइ, पढाइ र लेखाइ सम्बन्धी विभिन्न विशिष्ट उद्देश्य निर्धारण गरेको छ । प्रस्तुत उद्देश्य पूरा गर्नका लागि कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा विभिन्न विधा र क्षेत्रहरूमा समावेश गरिएको छ । जसअन्तर्गत लेखन सिपको महत्त्वपूर्ण भूमिका रहेको छ ।

यसलाई ६ वटा अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ । अध्याय एकको मुख्य शीर्षकमा शोध परिचय रहेको छ । जसअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र सान्दर्भिकता, अध्ययनको रुपरेखा लगायतका शीर्षकमा व्याख्या गरिएको छ ।

अध्याय दुईको मुख्य शीर्षकमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा रहेको छ । यसमा सम्बद्ध पुस्तकको पुनरावलोकन अन्तर्गत प्रस्तुत अध्ययनभन्दा अघि भएका यस शीर्षकसँग सम्बन्धित शोधपत्रको पुनरावलोकन गरिएको छ । सैद्धान्तिक अवधारणा अन्तर्गत बुँदा टिपोटको परिभाषा, बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरु, बुँदा टिपोट क्षमताको प्रयोजन, बुँदा टिपोटका विशेषताहरु, बुँदा टिपोट लेखन सिपको सम्बन्ध र निष्कर्ष प्रस्तुत गरिएको छ ।

अध्याय तिनको मुख्य शीर्षकमा अध्ययन विधि प्रक्रिया राखिएको छ । यस अन्तर्गत बाँके जिल्लाका पाँच वटा सामुदायिक विद्यालयलाई नमुनाको रुपमा छनोट गरिएको छ । जस अन्तर्गत प्रत्येक विद्यालयबाट २०/२० जनाका दरले जम्मा १०० जना विद्यार्थीको बुँदा टिपोट क्षमताको अध्ययन गरिएको छ । शोध निर्देशकको सहयोगमा तयार पारिएको

एउटा जीवनी विधाबाट एक अनुच्छेद र प्रबन्ध विधाबाट एक अनुच्छेद लिएर नमुना छनोटमा  परेका २० जना विद्यार्थीलाई बुँदा टिपोट गर्न लगाइएको छ ।

अध्याय चारको मुख्य शीर्षकमा समग्र विद्यार्थीहरुको बुँदा टिपोट क्षमताको विश्लेषण गरिएको छ । जसममा पाँच वटा सामुदायिक विद्यालयका १०० जना विद्यार्थीको प्राप्ताङ्कलाई प्रतिशत र मध्यमानको आधारमा विश्लेषण गरिएको छ ।

अध्याय पाँचको मुख्य शीर्षकमा भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा बुँदा टिपोट क्षमताको विश्लेषण गरिएको छ । जसमा बाँके जिल्लाका पाँच वटा सामुदायिक विद्यालयका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुलाई नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीका रुपमा विभाजन गरिएको छ । लैङ्गिकताका आधारमा बुँदा टिपोट क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउन छात्र र छात्राको रुपमा विभाजन गरी प्राप्त तथ्याङ्कलाई व्याख्या विश्लेषण गरिएको छ ।

अध्याय छको मुख्य शीर्षकमा सारांश, निष्कर्ष र उपादेयता रहेको छ । सारांश अन्तर्गत सबै अध्यायका कुराहरूलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । त्यसैगरी शोध अध्ययनबाट प्राप्त निष्कर्षलाई पनि यो अध्यायमा समावेश गरिएको छ । उक्त शोधका उपादेयतालाई यहाँ नीतिगत, प्रयोगगत र सुझाव गरी छुट्टाछुट्टै रुपमा उल्लेख गरिएको छ । अध्यायको अन्त्यमा सन्दर्भ सूची राखिएको छ । अन्त्यमा परिशिष्ट क र परिशिष्ट ख खण्डमा विभाजन गरिएको छ । परिशिष्ट क अन्तर्गत अध्यायमा सहभागी विद्यार्थीहरूको नामावली र प्राप्ताङ्कको सूची रहेको छ । परिशिष्ट ख अन्तर्गत विद्यार्थीहरूको बुँदा टिपोट क्षमता अध्ययनका लागि मूल्याङ्कन गरिएका उत्तर पुस्तिका राखिएको छ । अन्त्यमा व्यक्तिवृत्त समावेश गरिएको छ ।

यस अध्ययनका उद्देश्यहरू बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको अध्ययन गर्नु, भाषिक र लैङ्गिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको तुलनात्मक विश्लेषण गर्नु र उक्त विद्यार्थीहरूमा बुँदा टिपोट सम्बन्धी सबल र दुर्बल पक्षको पहिचान गरी आवश्यकताअनुसार पृष्ठपोषण निराकरण गर्न सुझाब दिनु रहेको छ ।

यस अध्ययनको उद्देश्यलाई पूरा गर्न अध्ययनलाई विश्वसनीय, वस्तुनिष्ठ बनाउन स्वयम् अध्ययनकर्ता प्रत्येक विद्यालयमा पुगी उक्त विद्यालयका प्राध्यापक विषय शिक्षकको सहयोगमा तयार पारिएको  एउटा विधा जीवनी र अर्को प्रबन्ध विधाबाट एक एक वटा अनुच्छेद लिएर नमुना छनोटमा परेको २० जना विद्यार्थीहरूलाई बुँदा टिपोट गर्न लगाइएको छ । उक्त उत्तर पुस्तिकालाई भाषिक शुद्धता, विषयको सङ्गठन र प्रस्तुतिकरण, मौलिकता, क्रमबद्ध र वाक्गठनको अधारमा मूल्याङ्कन गरिएको छ ।

यसरी मूल्याङ्कन पश्चात् प्राप्त विद्यार्थीहरूको तथ्याङ्कलाई प्रतिशत र मध्यमानका आधारमा तालिकामा राखेर व्याख्या विश्लेषण गरिएको छ । विद्यार्थीको प्रतिशताङ्कलाई पाँचवटा श्रेणीमा विभाजन गरिएको छ । मध्यमानका आधारमा पनि विद्यार्थीहरूको प्रतिशताङ्कलाई मध्यमानभन्दा कम र मध्यमानभन्दा माथि गरी वर्गीकरण गरिएको छ । यसरी प्राप्ताङ्कको आधारमा विभिन्न श्रेणीमा विभाजन गरे पछि बुँदा टिपोट क्षमताको समग्रताका आधारमा भाषिक पृष्ठभूमि र लैङ्गिक आधारमा विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको व्याख्या विश्लेषण गरिएको छ ।

## ६.२ निष्कर्ष

प्रस्तुत अध्ययनमा बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको अध्ययन सम्बन्धी निम्नलिखित निष्कर्ष निकालिएको छ :

- समग्रताका आधारमा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १०.२५ रहेको छ भने मध्यमानभन्दा माथि ५३ प्रतिशत विद्यार्थी रहेका छन् । त्यसैगरी मध्यमानभन्दा तल ४७ जना विद्यार्थी रहेकाले बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमता राम्रो रहेको छ ।

- समग्रमा मूल्याङ्कन गर्दा न्यूनतम श्रेणीमा एक प्रतिशत विद्यार्थी रहेको पाइयो भने उच्चतम श्रेणीमा कोही पनि विद्यार्थी नरहेको मध्यम श्रेणीमा ६८ प्रतिशत रहेको र उत्तम श्रेणीमा १२ प्रतिशत विद्यार्थी रहेकोले बाँके जिल्लामा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

- भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली पहिलोभाषी विद्यार्थीको सङ्ख्या जम्मा १५ रहेको छ । नेपाली पहिलोभाषीहरूको बुँदा टिपोट क्षमताको अध्ययन गर्दा निम्नतम श्रेणीमा कोही पनि नरहेको पाइयो भने मध्यमान श्रेणीमा ६८ प्रतिशत रहेको पाइयो । उत्तम श्रेणीमा १२ प्रतिशत रहेको पाइयो । उच्चतममा कुनै पनि विद्यार्थी नरहेको पाइयो । यस आधारमा बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदा टिपोट क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

- नेपाली पहिलोभाषी विद्यार्थीको मध्यमान ९.९८ रहेको छ । उक्त मध्यमानका आधारमा मध्यमानभन्दा माथि २१ जना र प्रतिशताङ्कमा ४२ प्रतिशत र मध्यमानभन्दा तल २९ जना र प्रतिशतमा ५८ जना रहेका छन् । यस आधारमा नेपाली पहिलोभाषीहरूको बुँदा टिपोट क्षमता राम्रो रहेको पाइन्छ । नेपाली दोस्रोभाषीहरूको न्यूनतम श्रेणीमा ० जना रहेका छन् भने निम्न श्रेणीमा २० प्रतिशत, मध्यम श्रेणीमा ६८ प्रतिशत र उत्तम श्रेणीमा १२ प्रतिशत रहेको पाइन्छ । यस आधारमा हेर्दा दोस्रोभाषीहरूको बुँदा टिपोट क्षमताको अवस्था राम्रो रहेको छ ।

- नेपाली दोस्रोभाषीहरूको प्राप्ताङ्कको मध्यमान १०.५२ रहेको छ । मध्यमानभन्दा माथि २२ जना (४४प्रतिशत) र मध्यमानभन्दा कम २८ जना (५६ प्रतिशत) रहेकोले दोस्रोभाषीहरूको बुँदा टिपोट क्षमता राम्रो रहेको पाइन्छ ।

- भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको तुलना गर्दा नेपाली पहिलोभाषीहरूको क्षमता राम्रो रहेको छ ।

- लैङ्गिक आधारमा हेर्दा छात्रहरूको बुँदा टिपोट क्षमता निम्न श्रेणीमा ० प्रतिशत नै रहेको पाइन्छ । मध्यम श्रेणीमा ७० प्रतिशत र उत्तम श्रेणीमा १२ प्रतिशत विद्यार्थी रहेका छन् । यसको आधारमा छात्र विद्यार्थीको बुँदा टिपोट क्षमता राम्रो रहेको पाइन्छ ।

- छात्रहरूको प्रतिशताङ्कको मध्यमान १०.४ रहेको छ । मध्यमानभन्दा माथि ५२ प्रतिशत र मध्यमानभन्दा तल ४८ प्रतिशत रहेकाले मध्यमानका आधारमा भने छात्रको बुँदा टिपोट क्षमता सन्तोषजनक रहेको छ ।

- छात्रा विद्यार्थीको बुँदा टिपोटको प्राप्ताङ्कलाई विश्लेषण गर्दा निम्नतम श्रेणीमा २ प्रतिशत रहेका छन् भने मध्यम श्रेणीमा ६६ प्रतिशत उत्तम श्रेणीमा १२ प्रतिशत भएकाले छात्राहरूको बुँदा टिपोट क्षमता राम्रो रहेको मानिन्छ ।

- छात्रा विद्यार्थीको बुँदा टिपोटको प्राप्ताङ्कको मध्यमान १०.१ रहेको छ । मध्यमानभन्दा माथि ४२ प्रतिशत र मध्यमानभन्दा तल ५८ प्रतिशत रहेकाले छात्रा विद्यार्थीको बुँदा टिपोट क्षमता राम्रो रहेको छ ।

- लैङ्गिक आधारमा हेर्दा छात्र र छात्रा विद्यार्थीको बुँदा टिपोटको तुलना गर्दा छात्रको बुँदा टिपोट क्षमता राम्रो रहेको छ ।

- समग्रमा विद्यार्थीहरूको बुँदा टिपोट क्षमता हेर्दा प्रायः विद्यार्थीको लेखाइमा मौलिकता, विषयवस्तुको सङ्गठन नहुनु, क्रमबद्धता नहुनु आदि जस्ता दुर्बल पक्ष रहेको पाइन्छ ।

समग्रमा भन्दा बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूकको क्षमतामा लगभग उस्तै-उस्तै मिल्ने देखिन्छ । तसर्थ यसलाई अझै प्रभावकारी बनाउन विद्यार्थीहरूलाई प्रयाप्त अभ्यास गराउनुपर्ने आवश्यक सल्लाह सुझाव दिनुपर्ने देखिन्छ ।

## ६.३ उपादेयता

अनुसन्धान एउटा ज्ञान प्राप्तिको व्यवस्थित विधि मानिन्छ । अनुसन्धानको मूख्य उद्देश्य नवीन ज्ञान प्राप्ति वा समस्याको समाधान गर्नु हो । जुन सुकै अनुसन्धानको पनि आ-आफ्नै महत्त्व र उपादेयता रहेको पाइन्छ । भाषिक सिपअन्तर्गत पढाइ, लेखाइ, सुनाइ र बोलाइ चारवटा सिपलाई अत्यन्त महत्त्वपूर्ण मानिन्छ । जसअन्तर्गत लेखाइ सिपले व्यक्तिको लिखित सिपलाई परिष्कार, परिमार्जन, सबल र दुर्बल पक्षको पहिचान गरी आवश्यक पृष्ठपोषण र उत्प्रेरणा दिन सघाउ पुऱ्याउँछ । त्यसैले भाषिक सिपहरू अन्तर्गत लेखाइ

सिपसँग सम्बन्धित रहेर बुँदा टिपोट क्रियाकलापलाई लिइएको छ । यसकारण प्रस्तुत अध्ययन बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको अध्ययनको उपादेयता निम्नानुसार रहेको छ :

### ६.३.१ नीतिगत उपादेयता

कुनै पनि कार्यलाई व्यवस्थित सङ्गठित र प्रभावकारी बनाउन नीतिको आवश्यकता पर्दछ । नीति बिना कुनै पनि कार्य सही मार्गमा बढाउन कठिन हुन्छ । त्यसैले प्रस्तुत अनुसन्धान शीर्षकका उपादेयतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- माध्यमिक तहको नेपाली विषयलाई व्यवस्थित र वैज्ञानिक बनाउन पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण र परिष्कार अनि परिमार्जन गर्नमा सहयोग पुऱ्याउँछ ।
- बुँदा टिपोट शीर्षक सम्बन्धी अनुसन्धान कार्यलाई अगाडि बढाउन सहयोग पुग्दछ ।
- भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा देखिएका सबल र दुर्बल पक्षको पहिचान गरी आवश्यकता अनुसार समाधान गर्न भाषाविद् पाठ्यक्रमविद्, पाठ्यपुस्तक निर्मातालाई सहयोग पुऱ्याउँदछ ।
- बुँदा टिपोट सम्बन्धी निश्चित् पाठ्यभार र उपयुक्त विधि र क्रियाकलाप समावेश गर्न उपयोगी देखिन्छ ।

### ६.३.२ प्रयोगगत तह

यस अध्ययनको प्रयोगगत तहलाई निम्नानुसार उल्लेख गरिन्छ :

- विद्यार्थीको वैयक्तिक भिन्नतालाई जोड दिनुपर्ने कुरामा सहयोग गर्नेछ ।
- लेखाइ सिपलाई परिष्कार, परिमार्जन र व्यवस्थित बनाउन सहयोग पुऱ्याउनेछ ।
- माध्यमिक तहका विद्यार्थीहरू र शिक्षकहरूले अन्तर्क्रियात्मक वातावरणमा जोड दिनुपर्ने पक्षहरूमा सहयोग पुऱ्याउनेछ ।

- माध्यमिक तहमा बुँदा टिपोट विधि र प्रक्रियाको उपयोग गर्नुपर्ने कुरामा प्रस्ट पार्नेछ ।

- प्रस्तुत अध्ययनले विद्यार्थीहरूमा ध्यान केन्द्रित भएर सुन्ने, पढ्ने र बुझ्ने क्षमताको विकास गर्नेछ ।

## ६.४ सुझाव

बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको अध्ययन शीर्षकको अध्ययनबाट प्राप्त शोध निष्कर्षका आधारमा बुँदा टिपोट क्षमताको विकासमा सहयोग पुऱ्याउँन सरोकारवाला समक्ष निम्नानुसार सुझाब प्रस्तुत गरिन्छ :

- विद्यार्थीको वैयक्तिक भिन्नतालाई आधार मानेर शिक्षण गर्नुपर्दछ ।

- बुँदा टिपोट गराउँदा शिक्षकले यसका विधि र प्रक्रियालाई स्पष्ट गरी अन्तर्क्रियात्मक वातावरणबाट समाधान गर्नुपर्दछ ।

- नेपाली भाषा पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीको मनोविज्ञान, स्तर र तहलाई हेरेर पाठ्यपुस्तक छनोट गर्नुपर्दछ ।

- सामुदायिक विद्यालयको पठनपाठनलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन कडा नीति नियममा जोड दिनुपर्दछ ।

- नेपाली विषयको शिक्षण गर्दा नेपाली विषयमा नै विशिष्टीकरण गरेको शिक्षक छनोट गर्नुपर्दछ ।

- नेपाली विषयप्रति कतिपयले हेपाहाको दृष्टिकोणले बुझ्ने अभिभावक र विद्यार्थीहरूप्रतिको नकारात्मक प्रवृत्तिहरूलाई हटाएर सकारात्मक धारणाको विकास गराउनु पर्दछ ।

- शैक्षणिक सामग्रीको प्रयोग, बालमैत्री वातावरणमा शिक्षकले शिक्षण गर्नुपर्दछ ।

- आगमनात्मक विधिको प्रयोग गर्नुपर्दछ ।

- अभिभावकहरूले विद्यालयको आधारमा मात्र विश्वास नगरी घरमा पनि केटाकेटीको रेखदेख गर्नुपर्दछ ।
- विद्यार्थीहरूलाई सिर्जनात्मक लेखनमा पर्याप्त अभ्यास गराउनु पर्दछ ।
- बुँदा टिपोट सम्बन्धी विभिन्न विधाबाट समय-समयमा अनुच्छेद दिई पर्याप्त अभ्यास गराउनुपर्दछ ।
- कक्षा कार्यकलापमा उत्तम, मध्यम, निम्न र निम्नतमलाई एकरूपताका आधारमा सहयोग गर्नुपर्दछ ।

यसरी कक्षा नौमा अध्ययन अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमताका क्रममा गरिएको अध्ययन अनुसन्धानमा विशेष गरी शुद्धता, क्रमबद्धता, मौलिकता, विषयवस्तुको सङ्गठन, वाक्यगठन आदि जस्ता पक्षहरू महत्त्वपूर्ण रहने हुँदा सो कुरामा ध्यान दिई आवश्यक सुधार गर्नुपर्दछ ।